www.janaakash.com

जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष- १८, अंक- २३, २०८२ साल पुस २२ गते मंगलबार (January 6, 2026) www.janaakash.com.np

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित

www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)

मोबाइलः ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

# पृथ्वि जयन्तीको लागि नेपाली सेना हिड्यो गोरखाबाट

मोहन कार्की ।

नेपाल देशका एकीकरण नायक भनेर चिनिने पृथ्वि नाराण शाहको पुष २७ गते काठमाडौमा हुने पृथ्वि जयन्तीको लागि नेपाली सेनाले एकीकरण पदयात्राको सातौ श्रृंखला अर्न्तगत टोलीसहित गोरखावाट पैदल यात्रा शुरु गरेको छ । उक्त अभियान पृथ्वि नारणण शाहले गोरखावाट काठमाडौ यात्रा गरेको पदमार्गलाई पर्यटन विकास गर्ने उद्देश्यले नेपाली सेनाले सात वर्ष अगाडी सुरु गरेको थियो ।



पदयात्राको शुभराम्भ कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख मोहन थापा, गोरखा नगरपालिकाका प्रमुख कृष्ण राना मगर, नेपाली सेनाका पृतनापछि भोलानाथ थापा, गोरखाका प्रमुख जिल्ला अधिकारी तुलसी श्रेष्ठ लगायतको उपस्थिति रहेको कार्यक्रममा नेपाली सेनाको गोरखास्थित रुद्रध्वज गणका अधिकृत कमान्डसहितको टोलीलाई टर्च र नेपाली सेनाको पहिलो पाँच कम्पनी श्रीनाथ, कालिबक्स, पुरानो गोरख, बर्दबहादुर र सबुज गणको झन्डा प्रदान गरी पदयात्राको थालिएको गणका गणपति विरोध रिजालले जानकारी दिएका हुन् ।

पदयात्रामा निस्किएको टोली सोमबार पीपलथोक, ताप्ले, अश्राङ, बोर्लाङ हुँदै घाटबेँसी पुगेर धादिङको नेपाली सेनाको पदयात्री टोलीलाई टर्च र झन्डा बुझाउने छ । धादिङको गणले नुवकोटको गणलाई र नुवाकोटले काठमाडौँको गणलाई यात्रा हस्तान्तरण गर्नेछ । पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसका अवसरमा पुस २७ गते हनुमानढोका दरबारमा आयोजना हुने कार्यक्रमका लागि सो टोली पुस २६ गते साँझसम्म हनुमानढोकास्थित गुल्मलाई टर्च र झन्डा हस्तान्तरण गर्ने कार्यक्रम छ । ३०४ औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस मनाउने क्रममा गोरखाबाट पदयात्रा सुरु गरिएको नेपाली सेनाले जनाएको छ ।

एकीकरण मार्गमा रहेको ऐतिहासिक स्मारक, कोट र गढी संरक्षण, प्रचारप्रसार तथा विकास गर्ने उद्देश्यले २०७६ सालदेखि नेपाली सेनाले सो पदयात्रा सुरु गरेको थियो । नेपालका एकीकरणका नायक अर्थात वाईसे, चौबिसे राज्यहरुलाई एकीकरण गरेर विशाल नेपाल निर्माण गर्न सफल पृथ्विनारायण शाहको योगदानलाई नेपालीहरुले एकमत भई सम्झने गरेका छन् ।

# राष्ट्रिय सभामा रणनीतिक तालमेल हुन्छ : कृष्ण सिटौला



काठमाडौं- नेपाली कांग्रेसका नेता तथा राष्ट्रिय सभामा संसदीय दलका नेता कृष्णप्रसाद सिटौलाले राष्ट्रिय सभाको निर्वाचनमा रणनीतिक तालमेल हुने बताएका छन् ।

सोमबार पत्रकारहरूसँगको भेटमा उनले यस्तो बताएका हुन् । उनका अनुसार राष्ट्रिय सभा निर्वाचनमा तालमेल गर्नँपर्ने अंकगणित छ । 'राष्ट्रिय सभामा अंकगणितको कारणले मिल्नुपर्ने बाध्यतात्मक अवस्था छ' उनले भनेका छन्, 'राष्ट्रिय सभामा रणनीतिक तालमेल हुन्छ ।' राष्ट्रिय सभाका १९ सदस्यको कार्यकाल आगामी फागुन २० मा सकिँदैछ । रिक्त हुने स्थानका लागि आगामी माघ ११ मा निर्वाचन हुँदैछ । रिक्त हुन लागेका १९ मध्ये एक जना मनोनित हुन् । बाँकी १८ पदका लागि निर्वाचन हुन लागेको हो ।

कोशी प्रदेशबाट ३ जना, मधेश प्रदेशबाट ४ जना, बागमती र गण्डकी प्रदेशबाट २/२ जना, लुम्बिनी प्रदेशबाट ३ जना, कर्णाली र सुदूरपश्चिम प्रदेशबाट २/२ जना राष्ट्रिय सभा सदस्यका लागि निर्वाचन हुनेछ । निर्वाचनको तालिका अनुसार उम्मेदवारी दर्ताको समय पर्सि अर्थात् यही पुस २३ गते छ । त्यसअगाडि दलहरू तालमेलको कसरतमा छन् । नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टीका बीचमा समेत तालमेलको प्रयास भइराखेको छ ।

# प्रचण्ड रुकुम पूर्वबाट चुनाव लड्न 'सकारात्मक'

काठमाडौं- नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डलाई रुकुम पूर्वबाट चुनाव लड्न जिल्ला नेताहरूले अनुरोध गरेका छन् । आफ्नो अनुरोधमा प्रचण्ड सकारात्मक रहेको नेताहरूले बताएका छन् ।

चुनाववारे छलफल गर्न साविक माओवादी केन्द्रका नेताहरूको टोली काठमाडौं आएको छ । सो टोलीले दुई दिनसम्म ललितपुरको एक क्याफेमा प्रचण्डसँग छलफल गरेको थियो । छलफल सकारात्मक रहेको रुकुम पूर्वका जिल्ला संयोजक » बाकी ६ पृष्ठमा



# बालेन शाह अब रास्वपाको वरिष्ठ नेता

काठमाडौं । काठमाडौं महानगरपालिकाका मेयर बालेन शाह रास्वपाको वरिष्ठ नेता मनोनीत भएका छन् । आइतबार बसेको पार्टीको केन्द्रीय समिति बैठकले शाहलाई केन्द्रीय समितिमा अनुमोदन गर्दै वरिष्ठ नेताको जिम्मेवारी दिएको हो ।

प्रवक्ता मनिष झाका अनुसार, आइतबार बसेका पार्टीका दुईवटा छुट्टाछुट्टै केन्द्रीय समिति बैठकबाट ३३ जना केन्द्रीय सदस्यहरू मनोनीत गरिएको छ ।

विवेवशील साझा र बालेन पक्षका गरी ३३ जना केन्द्रीय सदस्यलाई मनोनीत गरिएको हो । त्यस्तै, रास्वपाले ४ जना पदाधिकारीको संख्या थप गर्ने निर्णय पनि गरेको थियो ।

रास्वपाको विधान अनुसार उपसभापतिमा एक महिला सहित तीन जना हुने व्यवस्था छ । विधानको यही व्यवस्था कार्यान्वयन भए तीन मध्ये एक जना महिला उपसभापति हुनुपर्नेछ । हाल कुलमान घिसिङ, डीपी अर्याल र डा. स्वर्णिम वाग्ले उपसभापति छन् । तीन जनामा महिला उपसभापति नभएको हुँदा रास्वपाले विधान संशोधन गर्नँपर्ने भएको छ । उज्यालो नेपाल रास्वपासँग एकता हुँदा कुलमानलाई उपसभापति पद सहित भित्र्याइएको थियो ।


विधान अनुसार महामन्त्री एक जना हुने प्रावधान छ । आज बसेको केन्द्रीय समितिको बैठकले महामन्त्री पदमा एक जना थप्ने निर्णय गरेको छ । हाल » बाकी ६ पृष्ठमा

# रामेछापका पत्रकारहरुलाई एआई सम्बन्धि तालिम

रामेछाप जिल्लामा क्रियाशील पत्रकारहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले पत्रकारितामा कृत्रिम बुद्धिमत्ता (एआई) सम्बन्धि ३ दिने तालिम सम्पन्न भएको छ । यहि पौष १६ देखि सुरु भएको तालिम पौष १८ गतेसम्म चलेको हो ।

संचार रजिष्ट्रारको कार्यालय हेटौँडाको प्राविधिक सहयोग र नेपाल पत्रकार महासंघ रामेछापको आयोजनामा तालिम भएको हो । मन्थलीमा आयोजना गरिएको उक्त तालिममा जिल्लाका विभिन्न सञ्चारमाध्यममा आबद्ध पत्रकार हरूको सहभागिता रहेको थियो ।

तालिमको समापन कार्यक्रममा बोल्नुहुँदै मन्थली नगरपालिकाका नगर प्रमुख लव श्रेष्ठले प्रविधिको विकाससँगै पत्रकारिताको स्वरूप पनि परिवर्तन हुँदै गएको उल्लेख गर्नुभयो । उहाँले एआई प्रविधिको सही र जिम्मेवार » बाकी ६ पृष्ठमा



जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- २३,
२०८२ साल पुस २२ गते मंगलबार
6 JANUARY 2026, TUESDAY

**...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की**

## सम्पादकीय

# फागुनमा हुने प्रतिनिधिसभाको निर्वाचनले देश विकासको आधार तयार गरोस् ।

आउदो फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन हुदैछ । नेपालमा कार्यपालिकाको संवैधानिक व्यवस्था निर्माण गर्ने अंगको रूपमा रहेको प्रतिनिधिसभा हो । यस प्रतिनिधिसभाको निर्वाचन २०७२ सालको संविधान निर्माण भएपछि दुईपटक निर्वाचन भएको थियो । त्योभन्दा अगाडी संसदको रूपमा रहेको थियो । २०७९ सालमा निर्वाचन सम्पन्न भएर पाँच वर्षको लागि चुनिएका प्रतिनिधिहरूको झण्डै दुईवर्ष बाँकी छदै त्यतिवेलको सरकारले फेसबुक लगायत सामाजिक सञ्जाल नेपालमा पनि दर्ता गरेर चलाउनुपर्ने बाध्यकारी नियम लागुगर्न खोजेपछि युवा पुस्ता अर्थात जेन्जी समूहले आन्दोलन गरे उक्त आन्दोलन भड्किएर रक्तपातमा परिणत भएपछि आक्रोशित भीडले सरकार नै अपदस्त गरेको थियो ।

त्यो अन्यौलता पछि बनेको सरकारले ६ महिनाभित्र निर्वाचन गराएर देशलाई निकास दिन नेपाली सेनाको रोहबरमा सम्झौता गराएको थियो र पूर्व प्रधानन्यायधिस सुशिला कार्कीको नेतृत्वमा सरकार वनेको थियो । अहिले निर्वाचनको लागि मिति समेत तोकेर निर्वाचन आयोगमा राजनीतिक पार्टीहरूले पार्टी दर्ता अध्यवद्यिक गरेर भाग लिन सवै खालका कामहरू गरिरहेका छन् । अर्कोतिर राजनीतिक पार्टीहरूले आ□नो पार्टीलाई जिताउन र सवैभन्दा ठूलो पार्टी वा दुईतिहाई ल्याएर सरकारमा जान रणनीतिहरू बनाईरहेका छन् । यता निर्वाचन आयोगले निर्वाचनका लागि तयारी थालिसकेको निर्वाचन कार्यलयले बिज्ञप्तिहरू प्रकाशन गर्दै आएको छ ।

यि माथिका आधारहरूलाई मान्दा फागुन २१ गते निर्वाचन हुन्छ भन्ने मत देखिएको छ । निर्वाचन योभन्दा अगाडी पनि भएका थिए । भोलीका दिनमा पनि होलान् ।

हामी नेपालीहरूका लागि नेपाल देशको लागि मूल कानून लेख्ने कार्यकारी अधिकारको अंग रहेको प्रतिनिधिसभामा जितेर आउने सदस्हरूले नै हो । त्यसकारण नेपाल देश विकासको आधार तयार गर्नसक्ने विषय विज्ञहरू आउदो फागुन २१ गतेको निर्वाचनमा जितेर आउन र नेपाललाई विश्व अर्थतन्त्रमा प्रतिस्पर्धा गर्नसक्ने बनाउन् ।

# समृद्ध नेपाल : सुशासन र नागरिक व्यावसायिकता



■ दयाराम पण्डित

मुलुक समृद्ध बनाउन सुशासन पहिलो सर्त हो । सुशासनले मात्र नागरिकमा व्यावसायिकता ल्याउँछ । अस्थिर राज्य प्रणालीले न त देशमा सुशासन कायम गर्छ, न नागरिकलाई व्यावसायिक बनाउँछ । यसले त केवल मागी खाने सरकार र पलायनवादी नागरिक सोचको विकास गर्छ । हामीले पढेको इतिहास र देखेभोगेको राज्यसत्ताबाट नागरिक सन्तुष्टि भएन भन्ने मात्र बुझ्यौं । जहिल्यै भएन, गरेन, सकेन, मासियो, लुटियो, खायो, सकियो भन्नेबाहेक सकारात्मक सृजनशीलताका सवाल उठान विरलै भए ।

यहाँ को नेता, को जनता, को कर्मचारी, को पत्रकार, को उद्यमी, को शिक्षक/प्राध्यापक, को किसान/मजदुर हो ? कसको भूमिका के हो ? कसको काम के हो ? यहाँ त सबै नेता नागरिक, सबै नागरिक नेता भनेजस्तै को कुन भूमिकामा छ ? छुट्याउन सक्ने अवस्था रहेन । अर्थात् अधिकारको खोजी त भयो तर मेरो कर्तव्य के हो, मेरो पहिलो दायित्व के हो ? भन्नेमा हामी गएनौं । मैले गरेको सबै ठीक, अरुले गरेको सबै बेठीक भन्नेमा गयौं । फलतः त्यसको प्रतिफल पुर्खाले परिकल्पना गरेको सुन्दर शान्त विशाल देश निर्माण गर्न सकेनौं ।

मैले एकपटक रेडियो पौरखी एफएम बाजुराबाट कार्यक्रम समयचक्रमा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईलाई हामी नेपालीले जहिल्यै राजनीतिक लडाइँ मात्र लडिरहने ? देशले लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरिसक्यो, आर्थिक-सामाजिक समृद्धिको सवाल कहिले सम्बोधन हुन्छन् ? भनेर सोधेको थिएं । त्यसको सटिक र सान्दर्भिक जवाफमा पूर्वप्रधानमन्त्री डा. भट्टराईले भन्नुभएको थियो- 'देशका हरेक भूगोलमा वातावरण सुहाउँदो व्यवसाय सञ्चालन गर्न सकिन्छ । नागरिक व्यावसायिकताका तमाम आधारहरु हाम्रो भूगोलमा छन् । मात्र हाम्रो देशमा स्थायी सरकार, मध्यावधि हैन, आवधिक निर्वाचन, सुशासन र राजनीतिक दूरदर्शिता छैन । उक्त कुरा देशका लागि अहिलेको पहिलो आवश्यकता हो ।' यतिखेर पनि उहाँको यो कथन स्मरणयोग्य रहेको छ ।

हो, हामीले सोचेको र परिकल्पना गरेको सुन्दर देश निर्माण गर्न बाधक भनेकै देशको सुशासन र प्रत्यक नागरिक व्यावसायिक बनाउन नसक्नु हो । आजसम्म हामी गफैगफको हुल्लडमा रुमलिएका छौं । सामान्यतया जुन घरमा भोलिका लागि आज सल्लाह हुन्छ, त्यो घरका सदस्य कर्तव्यपालनका साथ बिहानै आ-आफ्नो काममा लाग्छन्, त्यो घरबार राम्रो बन्दै जान्छ । जुन घरमा बेलुकीपख कोही दिउँसै घर आउँछन् । कोही साँझ, कोही मध्यरातमा खुट्टा लडबडाउँदै आउँछन् अनि भोलिपल्ट बिहानै घरमा कचकच शुरु हुन्छ । यो पुगेन, ऊ पुगेन भनेर कराउने कामबाहेक केही हुँदैन । त्यसैले 'हुने घरको बासा सल्लाह, नहुने घरको छकाल्या सल्लाह भनिन्छ ।' हो, हाम्रो देशमा गतिछाडा छकाल्या सल्लाह हुन्छ र मतिभ्रष्ट भएको हो ।

अब मुख चलाएर मात्र देश बन्दैन भन्ने हामी सबैले बुझिसकेका छौं । जति बेला हाम्रा मुख बन्द थिए, त्यसका विरुद्ध लडेर जेलनेल भोगी हजारौं शहीद भए । त्यसले मुख खोल्ने शासन पद्धति ल्याइसक्यो । अबको नयाँ नेपाल बनाउने नै हो भने त हात-पाखुरा खियाउने (बजार्ने) पद्धतिको विकास गर्न आवश्यक छ । देशी-विदेशीहरु भन्छन्- नेपाल देश स्वर्गको टुक्रा हो, वीर पुर्खाको सुन्दर शान्त देश हो । यहाँ सुनका थाली छन् । तर नजानेर नेपालीहरु कागजका चुहिने टपरी बोकेर भिख मागिरहेका छन् । हो, भएका भौतिक संरचना ध्वस्त गर्ने, खेतबारी बाँझो राख्ने, व्यावसायिक उद्योग व्यवसाय जलाएर खरानी बनाउने, दम्भ र हुङ्कारी शासक आफू हेलिकोप्टर चढेर ज्यान बचाउने अनि त्यही खरानीको फोस्रोमा टेकेर होली खेल्ने । विडम्बना ! अनि हामी

> भनिन्छ, व्यावसायिक नागरिक आत्मनिर्भर अर्थतन्त्रको आधार हो । व्यावसायिक नागरिक भनेको केवल व्यापारी मात्र होइन

भोका-नाङ्गा भयौं भनेर विदेशीसँग हात थाप्ने । यस्तो राज्यक्रान्तिले कहिल्यै समृद्धि आउँदैन । अब हामीले अवसरको खोजी हैन, प्रत्येक नागरिकले व्यवसायको सृजना गर्न सक्नुपर्छ ।

हो, हाम्रो देश नेपाल आज आर्थिक रूपान्तरण, सामाजिक न्याय र दिगो विकासको सङ्क्रमणकालमा उभिएको छ । प्राकृतिक स्रोत, सांस्कृतिक विविधता र युवा जनशक्ति हुँदाहुँदै पनि अपेक्षित समृद्धि हासिल गर्न नसक्नुको मूल कारण सुशासनको कमजोरी र नागरिकमा व्यावसायिक सोचको अभाव हो । यदि राज्यमा सुशासन स्थापना हुन्छ र नागरिक व्यावसायिक, जिम्मेवार र उद्यमशील बन्छन् भने नेपाललाई समृद्ध बनाउन नेपालीले नै हातेमालो गर्नुपर्छ । भनिन्छ, दिएर आफ्नो खौरेर चिल्लो कहिल्यै हुँदैन । त्यसले परनिर्भता मात्र बढाउँछ । नेपालीलाई दिन-प्रतिदिन खोर्क्याउँछ मात्र ।

भनिन्छ. सुशासन विकासको मेरुदण्ड हो । सुशासन भनेको केवल भ्रष्टाचार नहुनु मात्र होइन, यो कानुनको शासन, पारदर्शिता, जवाफदेहिता उत्तरदायित्व, सहभागिता र प्रभावकारी सेवा प्रवाहको समष्टि हो । नेपालमा विकास योजनाहरू असफल हुनुको मुख्य कारण नीति निर्माण र कार्यान्वयनमा सुशासन कमजोर हुनु हो । देशमा सुशासन भएमा सार्वजनिक स्रोतको सदुपयोग हुन्छ, लगानीमैत्री वातावरण बन्छ, सेवा प्रवाह छरितो र प्रभावकारी हुन्छ अनि जनविश्वास बढ्छ । जब शासन प्रणाली पारदर्शी र जवाफदेही हुन्छ, तब राज्य नागरिकको भरोसायोग्य साझेदार बन्छ, जुन समृद्धिको पहिलो सर्त हो ।

भनिन्छ, व्यावसायिक नागरिक आत्मनिर्भर अर्थतन्त्रको आधार हो । व्यावसायिक नागरिक भनेको केवल व्यापारी मात्र होइन, कामप्रति इमानदार, समयपालक, सीपयुक्त, उद्यमशील र नवप्रवर्तनशील सोच भएका नागरिक हुन् । नेपालमा अझै पनि 'जागिरमुखी' मानसिकता हाबी छ, जबकि समृद्ध राष्ट्रका नागरिक 'उद्यममुखी' हुन्छन् । व्यावसायिक नागरिकको भूमिका भनेको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु, रोजगारी सिर्जना गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्नु अनि कर प्रणालीलाई बलियो बनाउनु हो । यसका लागि स्थानीय स्रोत र सीपको अधिकतम उपयोग गर्न सक्नुपर्छ । राज्यले उचित वातावरण दिनुपर्छ । जब नागरिक आफैं उद्यमशील बन्छन्, राज्यको बोझ घट्छ र अर्थतन्त्र चलायमान हुन्छ ।

सुशासन र व्यावसायिकताबीचको अन्तरसम्बन्ध छ । सुशासनविना व्यवसाय फस्टाउँदैन र व्यावसायिक नागरिकविना सुशासन अर्थपूर्ण हुँदैन । सुशासनले व्यवसाय गर्न सहज वातावरण बनाउँछ । व्यावसायिक नागरिकले राज्यलाई कर, रोजगारी र स्थायित्व गर्छ । यो दुई पाङ्गे रथजस्तै हो, एउटा कमजोर भए समृद्धिको यात्रै अघि बढ्दैन ।

नरामा मात्र हैन, साँच्चीकै समृद्ध नेपाल बनाउने हो भने राज्यले सरकार नागरिकको शासक हैन, सहयोगी अभिभावक बन्नुपर्छ । आवश्यक कदमहरु चाल्न ढिलो भइसकेको छ । तसर्थ समृद्ध नेपाल निर्माणका लागि यी आधारहरू अपरिहार्य छ- शासनमा सुधार, भ्रष्टाचारमुक्त प्रशासन, डिजिटल सेवा र ई-शासन । स्थानीय सरकारलाई सक्षम बनाउन नीतिगत कार्यान्वयन हुनुपर्छ । त्यस्तै नागरिकमा व्यावसायिक चेतना दिन पनि उत्तिकै आवश्यक छ । यसै गरी उद्यमशील शिक्षा हुनुपर्छ । विद्यालय तहदेखि सीपमूलक तथा प्राविधिक तालिम हुनुपर्छ । युवालाई सहुलीयतपूर्ण ऋण, बजार पहुँच कृषिलाई व्यवसायीकरण, राज्य-नागरिक सहकार्य, नीति निर्माणमा निजी क्षेत्रको सहभागिता पनि उत्तिकै आवश्यक छ । सार्वजनिक-निजी साझेदारी, नागरिक कर्तव्य र जिम्मेवारीबारे जागरण हुनुपर्छ ।

समृद्ध नेपाल कुनै सपना मात्र होइन, यो सुशासन र व्यावसायिक नागरिकको संयुक्त यात्राबाट प्राप्त गर्न सकिने यथार्थ लक्ष्य हो । राज्यले सुशासनको ग्यारेन्टी दिनुपर्छ भने नागरिकले व्यावसायिक सोच, इमानदारिता र परिश्रम प्रस्तुत गर्नुपर्छ । जब शासन जिम्मेवार र नागरिक आत्मनिर्भर हुन्छन्, तब नेपाललाई समृद्ध बन्नबाट कसैले रोक्न सक्दैन । समृद्धि आयात हुँदैन, यो सुशासन र व्यावसायिक नागरिकको पसिनाबाट उत्पादन हुन्छ ।

नेपालको मुख्य आर्थिक समस्या बेरोजगारी होइन, उत्पादक स्वरोजगारको अभाव हो । प्राकृतिक स्रोत, युवा जनशक्ति र स्थानीय सीप हुँदाहुँदै पनि रोजगारी सिर्जना हुन नसक्नु राज्य, समाज र नागरिक तीनै पक्षको कमजोरी हो । यदि प्रत्येक नागरिकलाई स्वरोजगारतर्फ उन्मुख गराउने नीति र व्यवहार अपनाइयो भने नेपाल आत्मनिर्भर मात्र होइन, समृद्ध राष्ट्र बन्न सक्छ ।

व्यावसायिक कृषि तथा कृषिमा आधारित उद्योग सञ्चालन हुनुपर्छ । तरकारी, फलफूल र नगदे बालीमा जोड दिनुपर्छ । व्यावसायिक रुपमा कुखुरा, बाख्रा, भैंसी, मौरी पालन गरी दूध, दही, घिउ, चिज उत्पादन गरिनुपर्छ । त्यस्तै अचार, जुस, सुकुटी उत्पादन एवं जडीबुटी खेती र प्रशोधनमा जोड दिनुपर्छ । नेपालमा कृषि बजारको प्रचुर सम्भावना छ । कृषिमा धेरै जनसंख्या आश्रित छन् । आयात प्रतिस्थापनको ठूलो हिस्सा स्थानीय बजारलाई सुनिश्चित गर्नुपर्छ । न्यून पुँजीमै शुरु गर्न सकिने व्यवसाय गर्नका लागि केही चुनौती पनि देखिन्छन् । जस्तै- परम्परागत खेती प्रणाली छ । बजार र मूल्य सुनिश्चितताको अभाव, सिंचाइ र प्रविधिको कमी, किसान-व्यवसायी समन्वय कमजोर देखिएको छ । साना तथा घरेलु उद्योगमा ढाका, अल्लो, ऊन, हस्तकला, काष्ठकला, धातुकला, माटोका भाँडा अगरबत्ती, साबुन, मैनबत्ती, फर्निचर तथा साना वर्कसपलगायत अहिलेको डिजिटल प्रविधियुक्त व्यापार व्यवसाय सञ्चालन गर्न सकेको अवस्था छैन । यद्यपि हाम्रो सुन फलाउने माटोमा पर्याप्त मात्रामा सम्भावना पनि छ । पर्यटनको प्रचुर सम्भावना छ । नीतिगत व्यवस्था गर्नुपर्छ, हजारौं युवा पर्यटक गाइड गरेर मात्र राम्रो जीवनयापन गर्न सक्छन् । सीप र परम्परामा आधारित व्यवसाय सञ्चालन गर्न उचित वातावरण दिनुपर्छ । महिला तथा ग्रामीण क्षेत्रमा उपयुक्त पर्यटन र निर्यातसँग जोड्न सकिने व्यवसाय सञ्चालन गरेर विदेशी आयातीत वस्तुमा बन्देज वा अधिकतम कर लगाउने नीति राज्यले लिनुपर्छ । त्यसैले अब सबै नेपाली नागरिक व्यवसायी, सबै नेपाली व्यवसायी नेपाली नागरिक बनाउन देशमा सुशासन र उद्यमशीलता अपरिहार्य छ ।

आकाश
Jana Aakash National Weekly
WWW.JANAAKASH.COM.NP



# ३५ बुँदे श्वेतपत्र जारी गर्दै युवा परिषद्को उपाध्यक्षबाट बस्नेत बिदा

काठमाडौं । राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष सुरेन्द्र बस्नेत आफ्नो चार वर्षे कार्यकल पूरा गरेर आइतबारबाट बिदा भएका छन् । बस्नेत २०७८ पौष २१ गते तत्कालीन मन्त्रिपरिषद्को निर्णयबाट परिषद्को कार्यकरी प्रमुखको रुपमा काम गर्ने गरी नियुक्त भएका थिए ।



पुस २० गते युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताले मन्त्रालयमा आयोजित कार्यक्रममा औपचारिक रुपमा बिदाइ गरेका छन् । त्यसैगरी उपाध्यक्ष बस्नेतको सम्मानमा परिषद् कार्यालयमा समेत बिदाइ कार्यक्रम आयोजना गरिएको थियो । बिदाइ हुनुअघि परिषद् परिसरमा आयोजित पत्रकार सम्मेलनमा बस्नेतले ३५ बुँदो श्वेतपत्र समेत जारी गरेका छन् । श्वेतपत्रमा बस्नेतले आफ्नो चार वर्षे कार्याकालका दौरान भएगरेका प्रमुख उपलब्धि समेटेका छन् । श्वेतपत्रमा बस्नेतले भनेका छन्, 'यस अवधिमा नेपाली युवाहरूको सर्वाङ्गीण विकास गर्दै उनीहरूलाई भविष्यको कर्णधार मात्र हैन, वर्तमानको साझेदार समेत बनाउने मुल उद्देश्यबाट अभिप्रेरित हुँदै निरन्तर काम गर्ने कोशिस गरेँ ।'

पत्रकार सम्मेलनमा बस्नेतले स्रोत र साधनको सीमितताका बाबजुद परिषद्ले युवाको पक्षमा अधिकतम कोशिस गरेको बताए । 'एकातिर उपलब्ध स्रोतको अधिकतम सदुपयोग गर्ने र अर्कोतिर अन्य साझेदार निकायहरूसँगको सहकार्यबाट परिषद्लाई आम युवामाझ पुऱ्याउने निरन्तर प्रयास गरेँ,' उनले भने । बस्नेतले चारवर्षे कार्यकालमा चार प्रधानमन्त्री र पाँच युवा तथा खेलकुदमन्त्री फेरिए पनि आफुले पुरा कार्यकाल काम गर्न पाएको अनुभव सुनाए । बस्नेतले आफ्नो कार्यकालमा राष्ट्रिय युवा नीति २०८२ जारी गर्नेदेखि लिएर १० हजार वढि युवाको नेतृत्व विकासका लागि नमुना संसद अभ्यास गराइएको फेहरिस्त पेश गरेका छन् ।

बस्नेतले आफ्नो कार्यकालमा युवाका लागि ३९० घण्टे निःशुल्क रोजगारमूलक सिपविकास तालिम, नमुना संयुक्त राष्ट्रसंघीय अभ्यास लगायतका कार्यक्रम शुरु गरेको बताएका छन् ।

## रामेछाप डायरी

# रामेछापमा १ लाख ८७ हजार ९५२ मतदाता कायम

रामेछाप- आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै रामेछाप जिल्लामा मतदाता संख्या उल्लेख्य रूपमा बढेको छ । अघिल्लो निर्वाचनको तुलनामा ७ हजार ८४६ जना नयाँ मतदाता थपिनु केवल संख्यात्मक वृद्धि मात्र होइन, लोकतान्त्रिक प्रक्रियामा नयाँ पुस्ताको बढ्दो चासो र सहभागिताको संकेत पनि हो ।




२ नगरपालिका र ६ गाउँपालिका समेटिएको रामेछाप जिल्लामा ६४ वडा रहेका छन् । यहाँ यसपटक कुल मतदाता संख्या १ लाख ८७ हजार ९५२ पुगेको छ, जुन २०७९ सालको निर्वाचनमा रहेको १ लाख ८० हजार १०६ भन्दा ४.३५ प्रतिशतले बढी हो । यस वृद्धिले निर्वाचन व्यवस्थापनमा पनि नयाँ तयारी आवश्यक बनाएको छ ।

जिल्ला निर्वाचन अधिकारी नारायण लामिछानेका अनुसार मतदाता संख्या बढेसँगै दुई वटा मतदान केन्द्र थप गरिएको छ । "मतदान स्थल अघिल्लोकै ९६ वटा कायम छन्, तर केन्द्र दुई थपिएर २२८ पुगेका छन्," उहाँले भन्नुभया` । उहाँका अनुसार यसले मतदातालाई सहज रूपमा मतदान गर्न मद्दत पुग्नेछ ।

थप गरिएका मतदान केन्द्रमध्ये एक उमाकुण्ड गाउँपालिका-५ स्थित सरस्वती माध्यमिक विद्यालय, सुनुवारधारामा र अर्को मन्थली नगरपालिका-११ स्थित मनकामना माध्यमिक विद्यालय, नाटिलामा रहेको छ । सरस्वती माविमा ९० जना र मनकामना माविमा १८२ जना नयाँ मतदाता थपिएका छन् । कुल मतदातामध्ये पुरुष ९६ हजार ८९२ र महिला ९१ हजार ६० जना छन् । महिला मतदाताको संख्या पनि उल्लेख्य रहेकाले समावेशी लोकतन्त्रतर्फको यात्रामा रामेछाप अघि बढिरहेको संकेत देखिन्छ । नयाँ मतदाता थपिनुको मुख्य कारण भने नवयुवाहरूको सक्रियता हो । गत भदौ २३ र २४ गतेको आन्दोलनपछि बनेको अन्तरिम सरकारको निर्णयअनुसार असोज ९ देखि मङ्सिर ५ गतेसम्म मतदाता नामावली संकलन गरिएको थियो । यस अवधिमा झण्डै ६ हजार जनाले पहिलो पटक मतदाता नाम दर्ता गराएका थिए ।

जिल्ला निर्वाचन कार्यालयका अनुसार आगामी फागुन २० गतेसम्म १८ वर्ष पूरा हुने र नामावलीमा नाम दर्ता भएका नागरिकलाई यस निर्वाचनका लागि मतदाता कायम गरिएको छ । यसले धेरै युवालाई पहिलो पटक मताधिकार प्रयोग गर्ने अवसर दिएको छ ।

लोकतन्त्रमा मतदाताको भूमिका निर्णायक हुन्छ । रामेछापमा बढ्दो मतदाता संख्या र नयाँ पुस्ताको सहभागिताले आगामी निर्वाचन केवल औपचारिक प्रक्रिया मात्र नभई जनचासो र अपेक्षाले भरिएको राजनीतिक उत्सव बन्ने संकेत देखाएको छ ।

# विकासका लागि समन्वय गर्दै चितवनका पालिकाहरू



चितवन- जिल्लाका सात पालिका र सीमाका पालिकाले विकासका लागि आवश्यक समन्वय र सहकार्य गर्दै अघि बढ्ने सहमति गरेका छन् । कालिका नगरपालिकाले दोस्रो पटक आफ्नो नगरभित्र सबै पालिकाका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई निमन्त्रणा गरेर विकासमा समन्वय गर्दै अघि बढ्न समन्वयात्मक बैठक राखेको हो ।

बैठकमा सहभागी जनप्रतिनिधिहरूबीच संयुक्त रूपमा फोहर व्यवस्थापन गर्ने, चेपाङलगायत विपन्न बालबालिकाको शिक्षाका लागि संयुक्त काम गर्ने विषयमा छलफल भएको थियो । छलफलपछि विपन्न बालबालिकालाई आवासीय सुविधासहित छात्राबास बनाउने विषयमा छलफल भएको छ । भूमि वर्गीकरणमा एकरुपता ल्याउने, त्रिशूली डाइभर्सनको कामलाई अघि बढाउन पहल गर्ने, शक्तिखोरको औद्योगिक क्षेत्र यथाशीघ्र बनाउन पहल गर्नेलगायत विषयमा छलफल भएको कालिका नगरपालिकाका प्रमुख विनोद रेग्मीले जानकारी दिए ।

उनका अनुसार जिल्लामा रहेका गौरवका आयोजना सम्पन्न गर्ने र थप आयोजना भित्र्याउनका लागि संयुक्त प्रयास गर्ने, कृषि उत्पादनको बजारीकरणमा संयुक्त पहल गर्ने विषयमा छलफल भएको छ । उनले भने, 'पर्यटनका क्षेत्रमा पनि मिलेर काम गर्ने विषयमा छलफल भएको छ ।' चितवन राष्ट्रिय निकुञ्जका वन्यजन्तु हेर्न आएका पर्यटकलाई ट्रेकिङमार्फत जिल्लाका पहाडी चेपाङ बस्तीसम्म पुऱ्याएर हिमाल देखाउने विषयमा सबै सहमत भएका नगरप्रमुख रेग्मीले बताए । यससँगै यहाँ आउने पर्यटकको बसाई लम्ब्याउन सकिने उनीहरूको राय थियो ।

समग्र जिल्लालाई जोड्ने गरी रिङरोड बनाउने, खैरहनीमा रहेको कृषि क्याम्पसलाई थप व्यवस्थित गर्न सबै पालिकाले पहल गर्ने, शक्तिखोर आसपासका उद्योगलाई शक्तिखोर औद्योगिक क्षेत्रसँग जोड्ने विषयमा छलफल भएको छ ।

जिल्लाका पहाडी क्षेत्रमा उत्पादन हुने गाँजाखेतीलाई नष्ट गर्ने काम बन्द गरी कानुनतः खेती गर्न पाउने व्यवस्था गर्न आवश्यक पहल गर्ने विषयमा पनि बैठकमा छलफल भएको रेग्मीले बताए ।

सो अवसरमा जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायणप्रसाद अधिकारीले सबै पालिका मिलेर संयुक्त रूपमा काम गरेमा सहज हुनुका साथै जनअपेक्षा अनुसार नतिजा हासिल हुने धारणा राखे । कतिपय काम संयुक्त रूपमा गर्दा व्ययभार कम हुने भन्दै उहाँले बैठक नियमित गर्न सुझाव दिए ।

बैठकमा भरतपुर महानगरपालिकाका उपप्रमुख चित्रसेन अधिकारी, रत्ननगर नगरपालिकाका प्रमुख प्रह्लाद सापकोटा, खैरहनी नगरपालिकाका प्रमुख शशि खनिया, माडी नगरपालिकाका प्रमुख ताराकाजी महतो, इच्छाकामना गाउँपालिकाका अध्यक्ष दानबहादुर गुरुङ, राप्ती नगरपालिकाका उपप्रमुख देवेन्द्र लामा, धादिङको बेनिघाट-रोराङ गाउँपालिकाका अध्यक्ष कृष्णबहादुर थपलियालगायत पालिकाका उपप्रमुख, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र पालिकाका महाशाखा प्रमुखहरूले आफ्नो धारणासहित सुझाव राखे ।

दुई महिनाभित्रमा उठेका विषयलाई एकताबद्ध गरी विकासका लागि योजनाबद्ध खाकासहित रत्ननगर नगरपालिकाको आयोजनामा बैठक बस्ने सहमति भएसँगै आजको बैठक सम्पन्न भएको छ ।

# मनाङबाहेक गण्डकी प्रदेशका सबै जिल्लामा प्रसूति शल्यक्रिया सेवा




गण्डकी- मनाङबाहेक गण्डकी प्रदेशका सबै जिल्लामा प्रसूति शल्यक्रिया सेवा विस्तार भएको छ । १० जिल्लामा रहेका १८ वटा अस्पतालमा शल्यक्रियामार्फत प्रसूति गराउने सेवा उपलब्ध रहेको प्रदेश स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका चिकित्सा सेवा महाशाखा प्रमुख डा रमेशकुमार केसीका अनुसार जटिल अवस्थाको सुत्केरी गराउने स्वास्थ्य संस्था ५२ वटा रहेका छन् । सामान्य प्रसूति सेवाका लागि प्रदेशभर ३६४ प्रसूति केन्द्र छन् ।

शल्यक्रियामार्फत प्रसूति सेवा दिने अस्पतालसँगै घरमै सुत्केरी गराउने क्रम घट्दै गएको महाशाखा प्रमुख केसीले बताए । सन् २०२२ को नेपाल जनसाङ्खियक स्वास्थ्य सर्वेक्षणका अनुसार गण्डकीमा संस्थागत प्रसूति दर ८९ प्रतिशत छ । जुन मुलुकको औसत ७९ प्रतिशतभन्दा बढी हो ।

यस्तै दक्ष प्रसूतिकर्मीद्वारा हुने जन्मदर गण्डकीको ८९ प्रतिशत छभने राष्ट्रिय औसत जम्मा ८० प्रतिशत छ । स्वास्थ्य संस्थामा चार पटकसम्म स्वास्य परीक्षण गराउने गर्भवतीको सङ्ख्या पनि नेपालको औसत तुलनामा गण्डकी प्रदेशमा बढी छ । राष्ट्रिय रूपमा औसत ८१ प्रतिशतले गर्भवतीले स्वास्थ्य संस्थामा चार पटकसम्म स्वास्थ्य परीक्षण गराउँछन् भने गण्डकीमा ८५ प्रतिशतले गराउने गरेका छन् ।

सरकारले सन् २०३० सम्ममा गर्भवती महिलाले स्वास्थ्य परीक्षण गराउने दर ९० प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ । विसं २०७८ को जनगणनाअनुसार प्रदेशमा मातृ मृत्युदर प्रतिलाख जीवित जन्ममा १६१ देखाएको थियो । गत आवमा भने जम्मा १३ जना गर्भवती र सुत्केरी आमाको मृत्यु भएको मन्त्रालयले जनाएको छ ।

मातृशिशु मृत्युदरमा सुधार देखिएपनि चुनौती भने कायमै रहेको मन्त्रालयको अतिरिक्त प्रदेश सचिव खिमबहादुर खड्काले बताए । गर्भवती तथा सुत्केरी अवस्थामा आउन सक्ने जटिलता न्यूनीकरणसँगै स्वास्थ्य सेवा र निगरानीको पहुँच अभिवृद्धि गर्न प्रदेशका ११ वटै जिल्लामा अभियान थालिएको सचिव खड्काले बताए ।

# कोटगढीको संरक्षण र प्रवर्द्धन गर्दै पौवादुङमा गाउँपालिका



भोजपुर । भोजपुरको पौवादुङमा गाउँपालिकाले ऐतिहासिक तथा सांस्कृतिक महत्व बोकेको कोटगढी क्षेत्रको संरक्षण र प्रवर्द्धनलाई प्राथमिकतामा राख्दै योजनाबद्ध विकासको काम अघि बढाएको छ ।

आन्तरिक पर्यटनको सम्भावनालाई उपयोग गर्दै स्थानीय अर्थतन्त्र सबल बनाउने उद्देश्यसहित गाउँपालिकाले उक्त क्षेत्रलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न थालेको हो ।

गाउँपालिकाको सदरमुकाम नजिकै अवस्थित कोटगढी क्षेत्रमा पुग्न सहज पहुँच सुनिश्चित गर्न पालिकाको रु ३५ लाख बजेट र २० प्रतिशत स्थानीय श्रमदानको सहभागितामा सिँढीसहित पदमार्ग निर्माण गरिएको छ । यसले स्थानीय बासिन्दा तथा आगन्तुकलाई सुरक्षित र सहज आवागमनको सुविधा उपलब्ध गराएको गाउँपालिका अध्यक्ष किरण राईले जानकारी दिए ।

अध्यक्ष राईका अनुसार कोटगढी ऐतिहासिक दृष्टिले महत्वपूर्ण क्षेत्र भएकाले यसको संरक्षणसँगै पर्यटनसँग जोडेर विकास गर्न गाउँपालिकाले विशेष योजना बनाएर काम गरिरहेको छ । 'कोटगढी आफैंमा ऐतिहासिक सम्पदा हो', उनले भने, 'स्थानीय सरकारले यसको संरक्षण गर्दै पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्ने लक्ष्यका साथ काम गरिरहेको छ । पूर्वाधार विकाससँगै प्रचारप्रसारमा ध्यान दिइरहेका छौं ।'

यस क्षेत्रको धार्मिक तथा सांस्कृतिक महत्वलाई थप मजबुत बनाउने उद्देश्यले सङ्घीय सांसद लक्ष्मी राईको संसद् विकास कोषबाट प्राप्त एक लाख सहयोगमा कोटगढी परिसरमा मन्दिर निर्माण गरिएको छ । पदमार्ग र मन्दिर निर्माणपछि आन्तरिक पर्यटक, धार्मिक श्रद्धालु तथा इतिहास प्रेमीहरूको आवागमनमा उल्लेख्य वृद्धि भएको स्थानीयवासीले बताएका छन् ।

गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत नवीन भट्टराईले पौवादुङमा गाउँपालिकाभित्र रहेका पर्यटकीय, धार्मिक तथा ऐतिहासिकस्थलको एकीकृत विकासमा जोड दिइएको बताए ।

'गाउँपालिकाभित्र रहेका सम्भावनायुक्त क्षेत्रको पहिचान गरी योजनाबद्ध रूपमा विकास गर्ने नीति लिएका छौँ', उनले भने, 'कोटगढीजस्ता ऐतिहासिकस्थलको संरक्षणले पर्यटन प्रवर्द्धनका साथै रोजगारीका अवसर सिर्जना गर्ने अपेक्षा लिएका छौँ ।'

स्थानीयका अनुसार कोटगढी क्षेत्रको संरक्षण तथा पूर्वाधार विकासपछि यस क्षेत्रको पहिचान थप उजागर हुन थालेको छ । यसले नयाँ पुस्तालाई स्थानीय इतिहास, संस्कृति र पहिचानबारे जानकारी गराउने अवसरसमेत प्रदान गरेको प्रमुख प्रशासकीय अधिकृत भट्टराईले धारणा राखे । आगामी दिनमा थप पूर्वाधार, विश्रामस्थल तथा प्रचारप्रसारका कार्यक्रम सञ्चालन गर्नसके कोटगढी क्षेत्र भोजपुर जिल्लाकै महत्वपूर्ण पर्यटकीय गन्तव्यका रूपमा स्थापित हुने विश्वास स्थानीयवासीले व्यक्त गरेका छन् । ऐतिहासिक सम्पदाको संरक्षण गर्दै पर्यटनसँग जोडेर विकास गर्ने स्थानीय सरकारको पहलले पौवादुङमा गाउँपालिकाको समग्र सामाजिक तथा आर्थिक विकासमा सकारात्मक प्रभाव पारेको स्थानीयको भनाइ छ ।

# रिक्त भएको साढे ३ महिनापछि गुप्तचरको एआईजीमा खड्काको बढुवा

काठमाडौं । सरकारले राष्ट्रिय अनुसन्धान विभागको अतिरिक्त अनुसन्धान निर्देशक (एआईजी) पदमा ओमबहादुर खड्कालाई बढुवा गरेको छ ।

सोमबार सिंहदरबारमा बसेको मन्त्रिपरिषद् बैठकले खड्कालाई एआईजीमा बढुवा गर्ने निर्णय गरेको हो । राष्ट्रिय अनुसन्धान विभागका तत्कालीन प्रमुख तथा मुख्य अनुसन्धान निर्देशक हुतराज थापा अवकाशमा गएपछि ५ असोजमा एआईजी टेकेन्द्र कार्कीलाईलाई मुख्य अनुसन्धान निर्देशकमा बढुवा गरिएको थियो ।

कार्की मुख्य अनुसन्धान निर्देशकमा बढुवा भएसँगै एक एआईजीको पद रिक्त थियो । तर साढे तीन माहिनासम्म सरकारले एआईजीमा कसैलाई बढुवा नगरी राखेको थियो । अन्ततः साढे तीन महिनापछि बढुवाको पहिलो दाबेबारमा रहेका खड्का एआईजी बनेका छन् ।

जन आकाश
Jana Aakash National Weekly
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- २३,
२०८२ साल पुस २२ गते मंगलबार
6 JANUARY 2026, TUESDAY

# सचिन ढकालले गरे समानुपातिक सूचीबाट नाम फिर्ता घोषणा



काठमाडौं- युवा उद्यमी तथा एफसी चितवनका अध्यक्ष सचिन ढकालले हालै सामाजिक सञ्जालमार्फत् समानुपातिक निर्वाचनको बन्दसूचीबाट आफ्नो नाम फिर्ता लिएको जानकारी दिएका छन् । रास्वपाले निर्वाचन आयोगमा बुझाएको समानुपातिकको बन्दसूचीमा उनको नाम राखेको थियो ।

ढकालले व्यक्तिगत कारणका आधारमा नाम फिर्ता लिने निर्णय गरेको स्पष्ट पार्दै पनि, आफ्नो उद्यमशीलता मार्फत् स्वदेशमै रोजगारी र समृद्धि सिर्जना गर्ने प्रतिबद्धता दोहोऱ्याएका छन् ।

ढकालले आफ्नो पोस्टमा विदेशमा अध्ययन र अवसर प्राप्त भए पनि उनी स्वदेशमै केही गर्ने उद्देश्यका साथ फर्किएको उल्लेख गरेका छन् । उनले लेखेका छन्, 'साथै स्वदेशमै रोजगारीका अवसरहरू सिर्जना गरी समृद्ध नेपाल निर्माणमा इमान्दार रूपमा लाग्नुपर्छ भन्ने मेरा पिताजी श्री चन्द्रप्रसाद ढकालको प्रेरणाबाट नै म उद्यमशीलताको विकासमा लागिपरिरहेको छु ।'

उनले नेपाली अर्थतन्त्र, खेलकुद, पर्यटन तथा युवा रोजगारी सिर्जनामा आफू सक्रिय रहेको बताए । उनका अनुसार, पर्याप्त अवसर नहुँदा वार्षिक करिब पाँच लाख नेपाली युवा रोजगारीका लागि विदेशिने गरेको तथ्यांक छ । तर, विदेशमा उपलब्ध अवसरलाई त्याग्दै स्वदेशमै केही गर्ने योजना, सोच र आँट लिएर फर्किने युवाहरू बढ्दै गएको उल्लेख गरेका छन् । ढकालले त्यस्ता युवाहरूको प्रयासलाई सधैं साथ र सहयोग दिने अठोट पनि व्यक्त गरेका छन् । ढकालले भनेका छन् कि उद्यमशीलताको प्रवर्द्धन मार्फत सामाजिक रुपान्तरण र मुलुकको विकास आवश्यक छ र यही लक्ष्यका लागि उनी निरन्तर लागिपर्ने छन् । उनीले आफ्नो पोस्टमा स्पष्ट पारेका छन् कि समानुपातिक निर्वाचन प्रणालीको मर्म र मान्यताको सम्मान गर्दै यस पटक व्यक्तिगत कारणवश आफूले नाम फिर्ता लिएको हो ।

सचिन ढकालको सामाजिक सञ्जाल पोस्टपछि उनको नाम राष्ट्रिय समाजवादी पार्टी (रास्वपा)को समानुपातिक बन्दसूचीमा राखिएको थियो । यसलाई लिएर केही आलोचना पनि भएको छ, जहाँ आलोचकहरूले 'धनाढ्य व्यक्तिहरूलाई राजनीतिमा ल्याउने प्रयास' भएको टिप्पणी गरेका थिए ।

यद्यपि ढकालले आफ्नो निर्णयको कारण व्यक्तिगत भए पनि, उनले स्पष्ट पारेका छन् कि युवाहरूको सामूहिक नेतृत्वमा सुशासनसहितको समुन्नत नेपाल निर्माण गर्ने अभियानप्रति आफ्नो प्रतिबद्धता अझै कायम रहनेछ। आवश्यक परेमा भविष्यमा राष्ट्र र समाजको हितमा राजनीतिक जिम्मेवारी बहन गर्न पनि तत्पर रहेको जानकारी दिएका छन् ।

ढकालले आफ्नो उद्यमशीलताको दृष्टान्त साझा गर्दै भनेका छन्, 'कुनै व्यावसायिक घरानाको सन्तान हुनु भनेको उद्यमशीलतामार्फत नयाँ सोच अघि सार्नं र देशको विकासमा योगदान गर्नं नराम्रो होइन । मैले पारिवारिक पृष्ठभूमिबाट नभई आफैले हासिल गरेको शिक्षा र ज्ञानलाई व्यवहारमा रुपान्तरण गर्दै उद्यमशीलताको विकास गर्ने प्रयत्न गर्दैछु ।'

उनले भनेका छन् - पारम्परिक व्यवसायको निरन्तरता भन्दा पनि नवीनता, नवउद्यम र चुनौतीपूर्ण काममा आफूलाई खार्ने प्रयास गरिरहेको छु, जुन नेपालका सबै युवाका लागि उदाहरणीय बन्न सक्नेछ । यसै सन्दर्भमा राजनीतिक विश्लेषकहरूले पनि सचिन ढकालको निर्णयलाई युवा नेतृत्व र उद्यमशीलता बीच सन्तुलन कायम राख्ने सकारात्मक कदमको रूपमा मूल्यांकन गरेका छन् । उनका अनुसार, युवा उद्यमीहरूले स्वदेशमै अवसर सिर्जना गर्ने सोचले देशको अर्थतन्त्र र रोजगारी सृजनामा दीर्घकालीन प्रभाव पार्ने सम्भावना छ ।

यसैबीच रास्वपाको समानुपातिक बन्दसूचीबाट आसिफ शाहले समेत आफ्नो नाम फिर्ता लिएका छन् । उनले पनि व्यक्तिगत निर्णयका आधारमा बन्दसूचीबाट बाहिरिएको घोषणा गरेका हुन् ।

# सिद्धार्थ बैंकले ३ अर्ब ५० करोड रुपैयाँको सेयर निष्कासन गर्ने




काठमाडौं । सिद्धार्थ बैंकले अविमोच्य असञ्चिति अग्राधिकार सेयर निष्कासनको अनुमति पाएको छ । नेपाल धितोपत्र बोर्ड (सेबोन)ले बैंकलाई अविमोच्य असञ्चिति अग्राधिकार सेयर निष्कासन गर्न सोमबार अनुमति दिएको हो ।

बैंकले सेबोनबाट अनुमति पाएसँगै ८.२५ प्रतिफल दिने गरी 'एसबीएल ८.२५% अविमोच्य असञ्चिति अग्राधिकार सेयर' निष्कासन गर्नेछ ।

बैंकले अंकित मूल्य १०० रुपैयाँ दरमा ३ अर्ब ५० करोड रुपैयाँ बराबरको अविमोच्य असञ्चिति अग्राधिकार सेयर बिक्री गर्न लागेको हो । बैंकको सेयर निष्कासन तथा बिक्री प्रबन्धकमा एनएमबि क्यापिटल छ । अविमोच्य असञ्चिति अग्राधिकार सेयर अवधि नतोकिएको तर निश्चित प्रतिशतको लाभांश दर प्रदान गर्न सक्ने विशेषता भएको पुँजी बजार उपकरण हो । परिपत्र विधिबाट निष्कासन हुने यो सेयरमा संस्थागत लगानीकर्ताले मात्र लगानी गर्न पाउनेछन् । वितरणयोग्य मुनाफा आर्जन गरेको वर्ष मात्र बैंकले लगानीकर्तालाई लाभांश वितरण गर्छ । राष्ट्र बैंकले गरेको व्यवस्था अनुसार अविमोच्य असञ्चिति अग्राधिकार सेयर संस्थापक समूहको साधारण सेयरमा परिवर्तन हुने सम्भावना रहन्छ । सेबोनले यसअघि नबिल बैंक, कामना सेवा विकास र एनएमबि बैंकलाई अविमोच्य असञ्चिति अग्राधिकार सेयर निष्कासनको स्वीकृति दिइसकेको छ ।

# ठूला १० बैंकको ऋण अनुगमन : देखिएका कैफियतमाथि होवलदारले माग्यो बैंकहरुसँग प्रष्टीकरण




काठमाडौं । ठूला १० वाणिज्य बैंकहरुको सम्पत्तिको गुणस्तर परीक्षणको काम थालेको बंगलादेशी कम्पनी होवलदार युनुसले फेला पारेको कैफियतमाथि बैंक तथा वित्तीय संस्थाको राय माग्न काम थालेको छ ।

केही बैंकहरुसँग उसले राय माग्न काम सकेको छ भने केहीको बाँकी छ । उसले सुरुमा निकालेको कैफियतभन्दा अहिले केही कम देखिएको छ । खराब कर्जाको अंक नै घटेको राष्ट्र बैंक स्रोतले जानकारी दिएको छ । होवलदारले प्रारम्भिक प्रतिवेदनका सम्बन्धमा राष्ट्र बैंकमा ब्रिफिङ गरिसकेको छ । गत मंसिरमा स्थलगत सुपरीवेक्षण सकेको कम्पनीले प्रतिवेदन बुझाउनु अघि बैंकहरुको कैफियत देखाउँदै उनीहरुलाई सुधारको योजना माग्न थालेको हो। होवलदारले बैंकहरुलाई सुधारको बुँदागत योजना पठाउन भनेको एक बैंकका प्रमुख कार्यकारी अधिकृतले बताए ।

'उसले ऋण अनुगमनमा कमजोरी भएको बिषयलाई प्राथमिकतामा राखेको छ। त्यसलाई सुधार गर्दै जाने गरी योजना बनाएर पठाउन भनिएको छ,' ती प्रमुख कार्यकारी अधिकृतले भने ।

उसले सुरुमा भनेको जस्तो अहिले खराब कर्जा अनुपात दोहोरो अंकमा देखिएको छैन । 'बिस्तृत रुपमा हेरेपनि खराब ऋण नबढ्ने भन्ने हुँदैन । केही बढेको छ । तर अहिले दोहोरो अंकमा भने छैन' स्रोतले भन्यो। नेपालमा नियमित अभ्यासमा रहेको कर्जा पुनर्संरचना तथा पुनर्तालिकीकरणलाई समेत खराब कर्जामा गणन गर्न खोजिएको थियो । अहिले त्यसलाई हटाइएको छ । बैंकहरुले आफूखुसी गरिरहेको 'एभरग्रिनिङ' लाई भने खराब कर्जामा समेट्न खोजिएको छ। 'तर त्यो पनि कति संभव छ र' स्रोतले भन्यो। कम्पनीले गरेको सम्पत्तिको गुणस्तर परीक्षणमा नबिल, एनआइसी एसिया, नेपाल इन्भेष्टमेन्ट मेगा, प्रभु, कुमारी, लक्ष्मी सनराइज, हिमालयन, ग्लोबल आइएमई, एनएमबि र राष्ट्रिय वाणिज्य बैंक छन् ।

कम्पनीले मंसिर अन्तिमतिर राष्ट्र बैंकका उच्च अधिकारीहरुसँग बिफ्रिङ गर्दै बैंकहरुले उच्च मात्रामा एभरग्रिनिङ गरेको भेटिएको औंल्याएको थियो ।

उसले बैंकहरुले धितो लिएर कर्जा दिइसकेपछि त्यो पैसा कुन क्षेत्रमा प्रयोग भयो, सदुपयोग भए नभएको हेर्ने काम नहुँदा लोन डिफ्लटर बढ्न थालेको बताएको थियो । कम्पनीले बैंकहरुको स्थलगत हेरिसकेपछि उद्योग व्यवसायसम्म पुगेर अनुमगन गरेको थियो ।

'बिग्रिएको ऋणलाई राम्रो बनाउन अरु-अरु शीर्षकमा थप ऋण प्रवाह भएको कुरा हामीले पनि भन्दै आएका हौं,' राष्ट्र बैंक उच्च स्रोतले भन्यो, 'होवलदारले त्यसलाई डकुमेन्टेड गरिदिने भयो ।'

होवलदारले औंल्याएको अर्को महत्वपूर्ण विषय एउटा बैंकबाट अर्को बैंकमा ऋण 'स्वाप गर्दा अस्वभाविक तरिकाले धितोको मूल्यांकन बढाउने गरिएको छ । ब्याज दर वा सेवा शुल्कलगायतका कारणले ऋण एउटा बैंकबाट अर्कोमा सर्नं पर्नेमा समस्याग्रस्त भएको ऋणलाई राम्रो बनाउन मूल्यांकन बढाएर अर्कोमा सार्ने अभ्यास बढी भएको छ । बैंकहरुले निर्देशित कर्जातर्फ धितोको अधिक मूल्यांकन गरिएको पनि पाइएको छ ।

होवलदारले पूर्ण प्रतिवेदन दिएपछि त्यसका आधारमा नेपाल राष्ट्र बैंकले वित्तीय क्षेत्रको सुधार योजना बनाएर काम गर्नेछ ।

ठुला १० वाणिज्य बैंकको सम्पत्तिको गुणस्तर परीक्षण गर्न टेण्डरमार्फत गत साउन ७ गते होवलदार युनुस एण्ड कम्पनीलाई छनोट गरेको थियो । कम्पनीले ४ करोड ३७ लाख ४५ हजार रुपैयाँमा परीक्षणको जिम्मा पाएको हो ।

# दश जना विकास नायक छनोट गर्दै सम्मान

काठमाडौं । विभिन्न दश क्षेत्रमा महत्वपूर्ण योगदान दिने १० जना विकास नायक सम्मानित भएका छन् ।

विकास मिडियाले आयोजना गरेको अवार्ड समारोहमा १० जना विकास नायक सम्मानित भएका हुन् । उनीहरुलाई अर्थमन्त्री रामेश्वर खनालले सम्मान गरे ।



राजनीतिक संस्कार, सुशासन र विकास क्षेत्रबाट ललितपुर महानगरपालिकाका मेयर चिरीबाबु महर्जन, उद्योग क्षेत्रबाट गोल्छा ग्रुपका अध्यक्ष शेखर गोल्छा, कृषि क्षेत्रबाट फर्स्ट च्वाइस फुड्स लिमिटेडका अध्यक्ष कृष्णप्रसाद पौडेल, ऊर्जा क्षेत्रबाट आरएम ग्रुपका अध्यक्ष कृष्ण आचार्य, पेशागत कर्मबाट देश तथा विदेशमा प्रतिष्ठा आर्जन गरी राष्ट्र निर्माणमा योगदान दिने धुलिखेल अस्पतालका कार्यकारी निर्देशक डा. रामकण्ठ माकजु श्रेष्ठ, सूचना प्रविधि क्षेत्रबाट आईएमई ग्रुपका उपाध्यक्ष हेमराज ढकाल सम्मानित भए । यस्तै, सृजनशील र निष्ठापूर्ण व्यवसायतर्फ सानिमा ग्रुपका सञ्चालक जीवा लामिछाने, शिक्षा तथा स्वास्थ्य क्षेत्रबाट नेपाल विश्वविद्यालयका उपकुलपति प्रा.डा. अर्जुन कार्की तथा कला तथा मनोरञ्जन क्षेत्रबाट अभिनेत्री सुरक्षा पन्त सम्मानित भए ।

अर्थमन्त्री खनालले पछिल्लो समय उद्योगी व्यवसायीको मनोबल कमजोर भएको अवस्थामा विकास मिडियाले गरेको सम्मानले उत्प्रेरणा र थप काम गर्न उर्जा थप्ने धारणा राखे । उनका अनुसार देशमा लगानीमैत्री वातावरण सिर्जना गर्नका लागि मनोबल उच्च बनाउन आवश्यक छ ।

# पोखरा र समृद्धि फाइनान्स मर्जर प्रक्रियामा

काठमाडौं । समृद्धि फाइनान्स र पोखरा फाइनान्स समान अनुपातमा मर्ज हुने भएका छन् । संयुक्त मर्जर समितिले निर्धारण गरेको १:१ सेयर अनुपातमा कम्पनीहरु मर्ज हुन लागेका हुन् ।

गत साउनमा समृद्धि फाइनान्स र पोखरा फाइनान्सले गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको समझदारी गरेका थिए । मर्जर प्रक्रिया अघि बढाउन संयुक्त मर्जर समितिले दुवै संस्थाका सम्पत्ति, दायित्व तथा कारोबारको मूल्यांकनका लागि मूल्यांकनकर्ता नियुक्त गरेको थियो । मूल्यांकनकर्ताले दुवै वित्तीय संस्थाको सम्पत्ति, दायित्व तथा कारोबारको प्रतिवेदन तयार पारेको छ । संयुक्त मर्जर प्रतिवेदन अनुसार समान अनुपातमा मर्जरमा जाने गरी समृद्धि फाइनान्सको संचालक समितिले दुवै संस्थाको सेयर आदान प्रदान अनुपात १:१ कायम गर्ने गरी स्वीकृत गर्ने निर्णय गरेको छ ।

# क्यानको आम्दानी पौने १५ अर्ब

काठमाडौं । नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले एक वर्षमा पौने १५ अर्ब रुपैयाँ आम्दानी गरेको छ ।

क्यानले गत आर्थिक वर्ष २०८१/८२ मा १४ अर्ब ७५ करोड ९५ लाख रुपैयाँ आम्दानी गरेको हो । यो रकम अघिल्लो वर्षको तुलनामा ५ करोड रुपैयाँ बढी हो ।

क्यानका निमित्त महानिर्देशक देवचन्द्रलाल कर्णले बुधबार क्यानको २७औं वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा एरोनटिकलतर्फ १३ अर्ब ५३ करोड ३४ लाख र ननएरोनटिकलतर्फ १ अर्ब २२ करोड ६१ लाख रुपैयाँ आम्दानी गरेको जानकारी दिए ।

'प्राधिकरणको आम्दानी चित्तबुझ्दो देखिएको छैन । स्वच्छ एभिएसनको लक्ष्य देखिएको छैन। हामीले वायु सेवा कम्पनीलाई भार थुपारेका छौं । आर्थिक रुपमा स्वच्छ एभिएसन मान्न ननएरोनटिकलतर्फ आम्दानी बढाउनुपर्छ,' उनले भने ।

क्यानले गत आर्थिक वर्ष ११ अर्ब ६६ करोड ५३ लाख रुपैयाँ खर्च गरेको छ ।

कर्णका अनुसार सन् २०२५ को ११ महिनामा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट ९३ लाख ४ हजार ९०६ जना यात्रुले ओहोरदोहोर गरेका छन् ।

नेपालबाट अहिले १५ देशका २९ वटा वायुसेवा कम्पनीले अन्तर्राष्ट्रिय उडान गरिरहेका छन् ।

यस्तै आन्तरिकतर्फ देशभरका ३५ विमानस्थलमा २ लाख ५१ हजार ५६० उडान/अवतरणमार्फत १ करोड २२ लाख ९१ हजार ९८९ जनाले यात्रा गरेको कर्णले जानकारी दिए ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# मुस्ताङ पुगे साढे २५ हजार विदेशी पर्यटक, १९ प्रतिशत वृद्धि

मुस्ताङ । धार्मिक तथा पर्यटकीय जिल्ला मुस्ताङमा विदेशी पर्यटकको आगमन सङ्ख्या वृद्धि भएको छ । यहाँ सन् २०२४ को अनुपातमा सन् २०२५ मा २५ हजार ४०३ जना विदेशी पर्यटकको सङ्ख्या वृद्धि भएको राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) जोमसोमले जनाएको छ ।

सन् २०२५ मा समग्रमा गत वर्षभन्दा १८.७१ प्रतिशतले पर्यटकको आवागमन वृद्धि भएको जनाइएको छ । उक्त वर्षको जनवरीदेखि डिसेम्बर ३१ तारिखसम्म यहाँ कुल एक लाख ६१ हजार १२२ जना विदेशी पर्यटक भित्रिएको एक्याप जोमसोम कार्यालय प्रमुख राजेश गुप्ताले जानकारी दिए । उनका अनुसार सन् २०२४ मा एक लाख ३५ हजार ७१९ जना विदेशी पर्यटक मुस्ताङ भित्रिएका थिए । गत वर्ष यहाँ आउने पर्यटकमध्ये सार्क राष्ट्रबाट एक लाख ३२ हजार ८४७ र अन्य राष्ट्रबाट २८ हजार २७५



जना रहेका छन् । त्यसअघि सार्क राष्ट्रबाट एक लाख नौ हजार ५४९ र अन्य राष्ट्रबाट २६ हजार १७० जना विदेशी पर्यटक यहाँ आएको तथ्याङ्क छ । एक्याप प्रमुख गुप्ताका अनुसार सन् २०२४ को अनुपातमा सन् २०२५ को १२ महिनाको अवधिमा यहाँ सार्क राष्ट्रतर्फ २३ हजार २९८ र अन्य राष्ट्रबाट दुई हजार १०५ जना विदेशी पर्यटकको सङ्ख्या वृद्धि भएको हो । यस हिसाबले सार्कतर्फ १७ दशमलव ५७ प्रतिशत र अन्य राष्ट्रतर्फ सात दशमलव ४४ प्रतिशत पर्यटकको सङ्ख्या वृद्धि भएको हो । हिमाली जिल्ला मुस्ताङमा आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्या बढ्दो रहेको छ । यद्यपि, गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनको प्रभावका कारण अपेक्षा गरिएअनुरुपको विदेशी पर्यटकको सङ्ख्या वृद्धि हुन नसकेको एक्याप प्रमुख गुप्ताको भनाइ छ । सन् २०२५ मा यहाँ करिब ३० प्रतिशत विदेशी पर्यटकको सङ्ख्या वृद्धि हुने अनुमान गरिए पनि सेप्टेम्बर, अक्टोबर र नोभेम्बरमा पर्यटक सङ्ख्या कम हुँदा अनुमानअनुसार पर्यटक वृद्धि हुन नसकेको हो ।

युवा आन्दोलनको असरले यहाँ सन् २०२४ को भन्दा सन् २०२५ को सेप्टेम्बरमा तीन हजार ६३८, अक्टोबरमा ८५४ र नोभेम्बरमा ७० जना विदेशी पर्यटक घटेका जनाइएको छ । एक्याप प्रमुख गुप्ताले सन् २०२५ मा जनवरीदेखि अगस्त र डिसेम्बर अन्तिमसम्म पर्यटकको सङ्ख्या वृद्धि भएको बताए ।

यहाँ भ्रमण गर्नेमा बढी मात्रामा भारतीय पर्यटक रहेका छन् । एक्याप प्रमुख गुप्ताले यहाँ भित्रिएका पर्यटकमध्ये ८२ प्रतिशत सार्क राष्ट्र र १८ प्रतिशत अन्य मुलुकका रहेकामा सार्क राष्ट्रका कुल पर्यटकमध्ये ९० प्रतिशतभन्दा बढी भारतीय रहेको जानकारी दिए ।

## खेलकुद

# अन्तर कलेज टी-२० क्रिकेट : कान्तिपुर सेमिफाइनलमा

सुनसरी – इटहरीमा जारी तेस्रो अन्तर कलेज टी-२० क्रिकेट प्रतियोगितामा कान्तिपुर कलेज सेमिफाइनलमा प्रवेश गर्ने पहिलो टोली बनेको छ ।

इटहरीस्थित जनता क्रिकेट खेल मैदानमा सोमबार सम्पन्न आफ्नो लिग चरणको अन्तिम खेलमा मोरङ पथरीको रेडस्टार कलेजलाई ४२ रनले पराजित गर्दै कान्तिपुरले अन्तिम चारको यात्रा तय गरेको हो ।

समूह 'सी' मा रहेको कान्तिपुर लिग चरणका दुई खेलमा शतप्रतिशत जित निकाल्दै सेमिफाइनल प्रवेश गर्ने पहिलो टोली बनेको हो । यसअघि कान्तिपुरले पहिलो खेलमा जनता उच्च मावि इटहरीलाई २५ रनले पराजित गरेको थियो ।

टस जितेर पहिले ब्याटिङ गरेको कान्तिपुरले खराब मौसमका कारण १७ ओभरमा छोट्याएको खेलमा २ विकेट गुमाउँदै १ सय ४६ रन बनाएको थियो । उसका लागि निश्चल गुप्ता र मन्नु दासले समान ४३-४३ रन बनाए । शम्भु मण्डलले ३७ रन जोडे । रेड स्टारका सुधीर बस्नेत र अभिषेक विकले एक-एक विकेट लिए । जवाफमा १ सय ४७ रनको विजयी लक्ष्य पछ्याएको रेड स्टार १६ दशमलव ५ बल खेल्दै १ सय ४ रनमा समेटियो । बलिङतर्फ कान्तिपुरका सन्तोष गुप्ताले ३ विकेट लिँदा मनीष यादव र आदित्य शाहले समान २-२ विकेट हात पारे । खेलको प्लेयर अफ द म्याच कान्तिपुरका निश्चल गुप्ता भए ।

यसअघि सोमबार नै भएको अर्को खेलमा इटहरीको विश्व आदर्श कलेजले कस्तूरी कलेजलाई २ सय ३६ रनको पराकिलो अन्तरले पराजित गरेको छ । टस जितेर पहिले ब्याटिङ गरेको विश्व आदर्शले निर्धारित २० ओभरमा रोहन क्षेत्री र आकाश सर्राफको शतकीय इनिङमा १ विकेटको क्षतिमा २ सय ७८ रनको विशाल योगफल बनाएको थियो । सकुशल श्रेष्ठले १८ रन जोडे । ५९ बलको सामना गरेका ओपनर ब्याटर रोहनले १५ चौका र १ छक्का प्रहार गर्दै १ सय ३ रनको अविजित पारी खेले । ५० बलको सामना गरेका अर्का ओपनर ब्याटर आकाशले १४ चौका र ६ छक्काको मद्दतमा १ सय १२ रन बनाएर सिद्धार्थ यादवको बलमा क्याच आउट भए । जवाफमा २ सय ७९ रनको विजयी लक्ष्य पछ्याएको कस्तूरी कलेज १३ ओभरमा सबै विकेट गुमाउँदै ४२ रनमा समेटियो । कस्तूरीका ६ जना ब्याटरले खाता नै खोल्न सकेनन् । आशिष अग्रवालले १५ रन बनाउनु बाहेक अरु ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् । विश्व आदर्शका भूपाल लुईंटेलले ६ विकेट लिँदा अनिश कुँवरले ४ विकेट हात पारे । खेलको प्लेयर अफ द म्याच आकाश सर्राफ भए ।

# यूएईका लागि नेपाली श्रम काउन्सेलर पौडेललाई सरकारले बोलायो फिर्ता



काठमाडौं । युनाइटेड अरब इमिरेट्स (यूएई) का लागि नेपाली श्रम काउन्सेलर द्रीपेन्द्र पौडेललाई सरकारले फिर्ता बोलाएको छ । उनीविरुद्ध परराष्ट्र मन्त्रालयमा उजुरी परेपछि सरकारले फिर्ता बोलाएको हो ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादर पौडेल क्षेत्रीले सरुवा सम्बन्धी निर्देशिका अनुसार उनको सरुवा गरिएको बताए । निर्देशिकामा सरुवा गर्नका कारण उल्लेख गरिएकाले सोही अनुसार उनको सरुवा गरिएको हो ।

परराष्ट्र मन्त्रालय अन्तर्गत कन्सुलर सेवा विभागमा कामै नगरी काम गरेको सूचीमा राखिदिएको पत्ता लागेको थियो । पीडितले दिएको उजुरीलाई कामै नगरी सम्पन्न भएको सूचीमा राखेको पाइएपछि विभागले छानबिन गरेको थियो ।

छानबिन क्रममा १ हजार ४ सयभन्दा बढी उजुरीको कामै नगरी फछ्र्योटको सूचीमा राखेको पाइएको थियो । कामै नगरी काम गरेको भन्दै आएपछि उनलाई कारबाही स्वरूप शनिबार नै सरुवा गरेर श्रम मन्त्रालय नै फिर्ता बोलाइएको हो । उनको एक वर्ष नपुग्दै सरुवा गरेर नेपाल फिर्ता बोलाइएको हो ।

पौडेलले दूतावासमा आफ्नो जिम्मेवारी लिने क्रममा आफूले गर्नंपर्ने काम नै नगरी उजुरीका 'पेन्डिङ' मा रहेका अनलाइन फाइल सिस्टमबाटै सम्पन्न सूचीमा राखेको पाइएको थियो ।

श्रमिकले शव नेपाल झिकाउने, रोजगारदाताले तलब नदिएको, जेल परेका श्रमिकलाई जेलमुक्त गर्न पीडितका परिवारले हालेको उजुरी, विदेशमा हराएका व्यक्तिको खोजिका लागि परेको निवेदन, ब्लड मनी तथा अन्य संवेदनशील मुद्दासँग सम्बन्धित उजुरी कन्सुलर मार्फत दूतावासमा पर्ने गरेका छन् ।

तर, पौडेलले ती उजुरीमा दूतावासको सिस्टमबाटै कार्य सम्पन्न भएको सूचीमा राखेको पाइएपछि छानबिन गरेको थियो । छानबिन क्रममा पौडेल दोषी देखिएपछि थप अनुसन्धानका लागि मन्त्रालयमा विवरण पठाइएको थियो ।

पीडितले विभागमा आफ्नो उजुरी अघि नबढेको भन्दै गुनासो गरेका थिए । तर, विभागको सिस्टममा हेर्दा उनीहरूको उजुरी फछ्र्योट भइसकेको देखाएको थियो । यो विषयमा परराष्ट्रले उनीसँग स्पष्टीकरण समेत सोधेको थियो । स्पष्टीकरणका क्रममा उनले गल्ती भएको स्वीकार गरेपछि निर्देशिका अनुसार उनको सरुवा गरेर नेपाल फिर्ता बोलाइएको हो ।

# विशेष महाधिवेशन हुन्छ, पार्टी फुट्दैन : विश्वप्रकाश शर्मा


काठमाडौं- नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले विशेष महाधिवेशनका कारण विभाजित नहुने बताएका छन् । विभाजित हुन लागेको भन्दै चिन्ता व्यक्त भइरहेका बेला महामन्त्री शर्माले पार्टी पंक्तिलाई विश्वत हुन भनेका हुन् ।

महामन्त्री शर्माले कुरा गर्दै भने, ' विशेष महाधिवेशन हुन्छ । पार्टी विभाजन हुँदैन ।' विधान अनुसार माग भएको विशेष महाधिवेशन हुँदा विभाजित नभई थप मजबुत हुन बल पुग्ने बताए ।

पुस २७ र २८ गते हुने गरी विशेष महाधिवेशनको प्रचार गरिएको छ । विशेष महाधिवेशनको लागि भृकुटीमण्डपको हल बुकिङ गरिएको छ । विशेष महाधिवेशनले कार्यबिधि विशेष महाधिवेशन हलले तय गर्ने पक्षधर नेताहरुले जानकारी गराएका छन् । 'विशेष महाधिवेशनले पारित गर्ने एजेण्डा हलले कार्यबिधि बनाएर तय गर्छ, महामन्त्री शर्माले भने ।

२९ असोजमा २४८८ प्रतिनिधिको हस्ताक्षर कार्यबाहक सभापति पूर्ण बहादुर खड्कालाई बुझाएर विशेष महाधिवेशनको माग गरिएको थियो । विशेष महाधिवेशनको लागि हस्ताक्षर थप बढ्ने मागकर्ताहरुको दाबी छ ।

# तिलौराकोटका पुरातात्त्विक जग्गा अधिग्रहणका लागि मुआब्जा तोकियो




काठमाडौं । प्राचीन कपिलवस्तु राज्यको राजधानी तिलौराकोट वरपर रहेका पुरातात्विक महत्वको क्षेत्रको जग्गा अधिग्रहणका लागि मुआब्जा दर निर्धारण गरिएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत पुरातत्व विभागले विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने उद्देश्यले तिलौराकोट क्षेत्रमा रहेका पुरातात्विक संरचना र वस्तु भेटिएका जग्गा स्थायी रूपमा अधिग्रहण गर्न लागेको हो ।

जिल्ला प्रशासन कार्यालय कपिलवस्तुका अनुसार जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम गठित मुआब्जा निर्धारण समितिको बैठकले २०८२ साउन १५ गते मुआब्जा दर तोकेको छ । त्यसको जानकारी आज सार्वजनिक सूचना प्रकाशित गरेर दिइएको छ ।

मुआब्जा निर्धारण

निर्णयअनुसार सहायक पीच सडकमा जोडिएको जग्गाको मुआब्जा प्रतिकठ्ठा १८ लाख १६ हजार ५०० रुपैयाँ तोकिएको छ ।

कृषि योग्य जग्गाको मुआब्जा प्रतिकठ्ठा ८ लाख ७६ हजार ७५० रुपैयाँ निर्धारण गरिएको छ ।

सूचनाअनुसार २०८२/८३ मा अधिग्रहण गरिने जग्गामा गोबरी ८. क अन्तर्गत कित्ता नम्बर १२, १९, २१, २२, २४, ६४४, १७३१ र १७८८ का कृषियोग्य जग्गा छन् ।

यसैगरी मलपारा ४. क क्षेत्रका १२, १३, १४, ३२, ३३, ३४, ३५, ३६, ३८, ४१, १२४७, १२४८, १५९०, १६८४, २३७३, २५४४ र २१ नम्बर कित्ताका जग्गा अधिग्रहण गरिने छ । यी पनि कृषियोग्य जग्गा हुन् ।

सहायक पिच बाटोले छोएका मालपारा १ ख. को कित्ता नम्बर ६७६ (घरसमेत) र मालापारा ४ क. को कित्ता नम्बर १८४४ जग्गा अधिग्रहण गरिने जिल्ला प्रशासन कार्यालयले जारी गरेको सूचनामा उल्लेख छ ।

सम्बन्धित जग्गाधनीले मुआब्जा दाबी गर्न नागरिकताको प्रमाणपत्र, जग्गाधनी प्रमाणपुर्जा, चालु आर्थिक वर्षसम्मको मालपोत तिरेको रसिद, जग्गाको हकभोगसम्बन्धी सक्कल निस्सा तथा आवश्यक प्रमाणसहित सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र निवेदन दिनुपर्ने सूचनामा उल्लेख छ ।

तोकेको म्यादभित्र निवेदन नपरेमा कानुनबमोजिम प्रक्रिया अघि बढाइने जिल्ला प्रशासन कार्यालय कपिलवस्तुले जनाएको छ ।

# बुद्ध एयरको जहाज दुर्घटनापछि रनवे घटाएर भद्रपुर विमानस्थल सञ्चालन

काठमाडौं । भद्रपुर विमानस्थलमा शुक्रबर राति बुद्ध एयरको जहाज दुर्घटना भएपछि रनवे घटाएर विमानस्थल सञ्चालनमा ल्याइएको छ ।

विमानस्थल प्रमुख किशोरकुमार खत्रीले रनवे घटाएर विमानस्थललाई सञ्चालनमा ल्याएको जानकारी दिए । उनका अनुसार दुर्घटनाग्रस्त जहाजको पछाडिको भाग अफ-ट्र्याकमा परेकोले हाल १ हजार ५ सय मिटरको रनवे घटाएर १ हजार ४ सय मिटरमा विमान सञ्चालन भइरहेको छ ।

रनवे छोट्याएर विमानस्थल सञ्चालन गरिएकोले त्यसको बारेमा जानकारी सबै पाइलटलाई नियमित रूपमा गराइँदै आएको उनले जानकारी गराए ।

'अहिले विमानस्थल चालु छ, विमानस्थल चालु हुनलाई थोरै रिक्वायरमेन्ट चाहिन्छ, हामीले हाम्रो यो जहाजको पछाडिको हाइट चाहीँ अफ-ट्र्याकल पर्न जान्छ, यसलाई मिलाउन हामीले रनवेलाई अलिकति छोटो बनाएका छौं,' उनले भने, ' त्यो हामी पाइलटलाई जानकारी गराउँछौं । प्रत्येक आउने, जाने जहाजलाई भन्छौं हामी । १५ सय मिटर हो, यो । हामीले अहिले १४ सय मिटरमा यो एयरपोर्ट चलाइराखेका छौं । १४ सय मिटर उनीहरूलाई सफिसेन्ट हुन्छ, भनेर चलाइरहेका छौं ।' हाल प्रयोगमा रहेको १ हजार ४ सय मिटर रनवे जहाज सञ्चालनको लागि पर्याप्त रहेको उनको भनाइ छ । विमान दुर्घटनाको यकिन कारण हालसम्म नखुलेको उनले बताए । शुक्रबार राति ९ बजेर १० मिनेटमा ल्याण्ड गर्ने क्रममा जहाज रनवेबाट बाहिर गएको थियो । मौसमको कारण दुर्घटना नभएको उनले



बताए । प्राविधिक कारणले दुर्घटना भएको हुनसक्ने उल्लेख गर्दै उनले अनुसन्धानपछि मात्रै वास्तविक कारण खुल्ने बताए ।

'विमानस्थलको दुर्घटना ठ्याक्कै यही कारणले भएको भन्ने अनुसन्धानपछि मात्रै थाहा हुन्छ । अहिले तत्काल हेर्दाखेरि हिजो मौसमको कारणले पनि होइन, प्राविधिक कुराहरु प्राविधिकको अनुसन्धानपछि थाहा हुने कुरा भो । हाम्रो साइडबाट हेर्दा हामीले मौसमहरू हेर्ने हो । मोसम त्यतिखेर यो अवस्थामा आउने (दुर्घटना हुने) थिएन । त्यसमा केही प्राविधिक कुरा हुनसक्छ,' उनले भने । काठमाडौंबाट भद्रपुरका लागि उडेको बुद्ध एयरको एटीआर ७२ जहाज अवतरणका क्रममा रनवेको पूर्वतर्फ करिब ३०० मिटर ओभर रन भई दुर्घटनामा परेको थियो । उक्त जहाजमा ५१ जना यात्रु, चार जना चालक दलका सदस्य र एक जना इन्जिनियर सवार थिए ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- २३,
२०८२ साल पुस २२ गते मंगलबार
6 JANUARY 2026, TUESDAY

# रेसुङ्गा विमानस्थलबाट सातामा चार दिन नियमित उडान




गुल्मी- गुल्मी जिल्लाको रेसुङ्गा विमानस्थलबाट हप्ताको चार दिन नियमित हवाई उडान सञ्चालन हुँदै आएको छ । नेपाल एअरलाइन्सको जहाजमार्फत आइतबार, मंगलबार, बिहीबार र शनिबार उडान भइरहेका छन् ।

रेसुङ्गा विमानस्थलका स्टेशन प्रमुख सुमन थापाका अनुसार पछिल्लो समय अधिकांश उडान तालिकाअनुसार सञ्चालन भइरहेका छन् । लामो समयसम्म उडान अनियमित हुँदा समस्या भोग्दै आएका जिल्लावासीका लागि अहिलेको नियमितताले हवाई यात्रामा उल्लेखनीय सहजता ल्याएको छ ।

गत शनिबार जहाज निर्धारित समयभन्दा केही ढिलो गरी बिहान ११ बजेर २९ मिनेटमा रेसुङ्गा विमानस्थलमा अवतरण गरेको थियो । नियमित तालिकाअनुसार काठमाडौंबाट बिहान ६:३० बजे र गुल्मीबाट काठमाडौंतर्फ बिहान ७:४५ बजे उडान हुने व्यवस्था छ ।

नियमित हवाई सेवाले जिल्लाको व्यापार, पर्यटन तथा समग्र सेवा प्रवाहमा सकारात्मक प्रभाव पर्ने रेसुङ्गा नगरपालिका-१० का पूर्व वडाध्यक्ष पदमप्रसाद अर्यालले बताए । काठमाडौंसहित अन्य स्थानसँग गुल्मीलाई हवाई मार्गबाट जोड्ने उडानले सर्वसाधारण, बिरामी, सरकारी तथा निजी क्षेत्रका कर्मचारी र व्यवसायीहरूलाई ठूलो राहत मिलेको छ । विशेषगरी आकस्मिक उपचारका लागि राजधानी जानुपर्ने बिरामीहरूका लागि हवाई उडान जीवनरक्षक साधनका रूपमा रहेको स्थानीयको भनाइ छ ।

हाल काठमाडौं-रेसुङ्गा हवाई भाडा ७ हजार ५ सय रुपैयाँ र रेसुङ्गा-काठमाडौं ७ हजार ३ सय रुपैयाँ तोकिएको छ ।

दिउँसोको समयमा हावा चल्ने सम्भावना बढी हुने भएकाले सुरक्षालाई ध्यानमा राख्दै उडानहरू बिहानै सञ्चालन गरिँदै आएको छ ।

## अन्तराष्ट्रिय

# अमेरिकी उपराष्ट्रपति भान्सको घरमा तोडफोड



अमेरिका- अमेरिकी उपराष्ट्रपति जेडी भान्सको निजी घरमा तोडफोड भएको छ । ओहायो राज्यस्थित सिन्सिनाटीस्थित स्थानीय समयअनुसार आइतबार साँझ उनको घरमा तोडफोड भएको हो ।

भान्सको घरको झ्याल फुटेको, घरमा क्षति पुगेको र सेक्रेट सर्भिसको सवारी साधनमा क्षति पुगेको जनाइएको छ । घर तोडफोडलगत्तै प्रहरीले एक आरोपीलाई नियन्त्रणमा लिइएको छ । सिन्सिनाटी प्रहरी विभागका अनुसार एक वयस्क पुरुषलाई हतौडासहित नियन्त्रणमा लिइएको छ । घटना हुनुभन्दा केही घण्टाअघि मात्र भान्स उनको परिवारसहित सिन्सिनाटीबाट वासिङ्टन डीसीतर्फ प्रस्थान गरेका थिए । हालसम्म आरोपीको व्यक्तिगत विवरण र तोडफोड गर्नुको उद्देश्यबारे प्रहरीले कुनै कुरा सार्वजनिक गरेको छैन ।

घटनालगत्तै उपराष्ट्रपति भान्सले सामाजिक सञ्जाल एक्समार्फत उद्धार तथा सुरक्षाकर्मीप्रति आभार व्यक्त गरेका छन् ।

# थारू समुदायका प्रतिनिधिले प्रधानमन्त्रीलाई दिए माघी महोत्सवको निम्तो



काठमाडौं- प्रधानमन्त्री सुशीला कार्कीसँग आज थारू समुदायको एक प्रतिनिधिमण्डलले भेट गरेको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा भएको भेटमा प्रतिनिधिण्डलले प्रधानमन्त्री कार्कीलाई माघी महोत्सवमा उपस्थितिका निम्ति निम्तो पनि दिएको छ ।

माघी महोत्सव मूल आयोजक समितिका संयोजक एवम् थारू कल्याणकारिणी सभाका अध्यक्ष प्रेमीलाल चौधरीले प्रधानमन्त्री कार्कीलाई माघ १ गते टुँडिखेलमा आयोजना हुने कार्यक्रमका लागि निमन्त्रणापत्र हस्तान्तरण गरे ।

त्यस अवसरमा अध्यक्ष चौधरीले प्रधानमन्त्री कार्कीलाई थारूहरूका माग र मुद्दालाई सम्बोधन गर्न आग्रह गरे । उनले संविधान बनेको १० वर्षमा पनि थारूको निजामती सेवामा आरक्षणको विषय सुनिश्चित नभएको गुनासो गरे ।

प्रधानमन्त्री कार्कीले संविधान र कानुनमा व्यवस्थित भइसकेका हकको प्रचलन कसैले रोक्न नहुने धारणा राखिन् । 'संविधानले दिएको अधिकार कसले र किन रोक्यो ? यो कुरा मैले पनि बुझ्न सकरिहेको छैन । म यसप्रति चिन्तित छु,' प्रधानमन्त्री कार्कीले भनिन्, 'संविधान र कानुनमा व्यवस्थित भइसकेका हकको प्रचलन कसैले रोक्न हुँदैन ।' यो देश सबैको साझा फूलबारी भएकाले सबै समुदायको राज्यमा उचित प्रतिनिधित्व हुनुपर्ने र सबैको प्रतिनिधित्वबाट भएको विकास मात्र दिगो हुने उनको भनाइ थियो । प्रत्येक वर्ष माघे संक्रान्तिका दिन थारु समुदायले माघी पर्व मनाउने गरेको छ ।

# जिल्ला कारागारमा बाल सुधार केन्द्र स्थापना गरिने



त्रिशूली (नुवाकोट) । विदुर नगरपालिका-६ स्थित केन्द्रीय कारागारको रिक्त ब्लकमा बाल सुधार केन्द्र स्थापना गरिने भएको छ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री श्रद्धा श्रेष्ठसहित जिल्लास्थित सुरक्षा निकायका प्रमुख एवम् प्रतिनिधि तथा सरोकारावालाको अनुगमनपश्चात् बाल सुधार केन्द्र स्थापना गर्ने कार्य अघि बढाइएको हो ।

यही पुस ३ गते बसेको मन्त्रिपरिषद् बैठकले केन्द्रीय कारागारको रिक्त ब्लकमा बाल सुधार केन्द्र स्थापना गर्ने निर्णय गरेको हो । जिल्ला कारागारको खाली रहेको भवनमा केन्द्र स्थापना गर्न मन्त्री श्रेष्ठले निर्देशन दिएका थिए ।

केन्द्रीय कारागारमा ब्लक प्रवेशको एकमात्र द्वार भएको, कैदीबन्दीका लागि खटिएका सुरक्षाकर्मीको घेराभित्र नै उक्त ब्लक कायम रहेको तथा ब्लक भित्रको संरचना कैदीबन्दी प्रयोजनका लागि निर्माण गरिएको हुदाँ बाल बिज्याइँकर्ता राख्न उक्त स्थान उपयुक्त नभएको मन्त्री श्रेष्ठले जानकारी दिए । उनका अनुसार भक्तपुरलगायत जिल्लाका बाल बिज्याइँकर्ता राख्न स्थान अभाव भएकाले तत्कालै विदुर-१ स्थित नुवाकोट जिल्ला कारागारको खाली भएको भवनलाई स्तरोन्नति गरेर केन्द्र सञ्चालन गर्न लागिएको हो । त्यसका लागि आवश्यक संरचना निर्माण कार्य एक महिनाभित्र पूरा गर्न मातहतका निकायलाई मन्त्री श्रेष्ठले निर्देशन दिए ।

'बाल सुधार केन्द्रको सुरक्षामा हातहतियार बिनाका सादा पोसाकका सुरक्षाकर्मी खटिनुपर्ने हुन्छ, केन्द्रीय कारागारमा त्यो कार्यान्वयन गर्न सम्भव हुने देखिएन,' उनले भने, 'बालबालिकाको मानव अधिकारअन्तर्गतका शिक्षा, स्वास्थ्य उपचार लगायतका मापदण्ड पूरा गर्न केन्द्रीय कारागारमा तत्कालै उपलब्ध गराउन सक्ने अवस्था नभएकाले स्थानान्तरण आवश्यक भएको हो ।' जिल्ला कारागारमा रहेका कैदीबन्दीलाई २०८१ भदौ १५ गते केन्द्रीय कारागार सञ्चालनमा आएसँगै स्थान्तरण गरिएकाले उक्त स्थानमा खाली भएका ब्लकलाई बाल बिज्याइँकर्ता राख्न बालसुधार केन्द्रका रुपमा सञ्चालन गरिने भएको छ । यससम्बन्धी आवश्यक निर्णय सम्बन्धित निकायबाट गराउने मन्त्री श्रेष्ठबाट प्रतिबद्धता आएसँगै कार्य प्रारम्भ गर्न थालिएको छ । आवश्यक संरचना अबको एक महिनाभित्र निर्माण गरी १६० बाल बिज्याइँकर्ता नुवाकोट ल्याउने योजना छ । हाल देशका विभिन्न नौ स्थानमा बालसुधार केन्द्र सञ्चालनमा रहेकाले त्यसमध्ये बाल बिज्याइँकर्ता ठहरिएर १८ वर्ष उमेर पूरा भएका पुरुषलाई नुवाकोटस्थित बाल सुधार केन्द्रमा ल्याउन लागिएको हो ।

# सामाजिक सद्भाव कायम राख्न प्रशासनको आह्वान




वीरगञ्ज । जिल्ला प्रशासन कार्यालय पर्साले जिल्लामा सामाजिक सद्भाव कायम गर्नका लागि सबैसँग आह्वान गरेको छ ।

पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले आज सार्वजनिक अपिल गर्दै सामाजिक सद्भावमा खलल पुऱ्याउने कुनै पनि खालको गतिविधि नगर्नका लागि आह्वान गरेका हुन् । 'एक अर्कामा सामाजिक तथा धार्मिक वा सांस्कृतिक द्वेष भाव सृजना गरी राष्ट्रिय एकतामा आँच पुऱ्याउने वा झुठा अफवाह फैलाइ समुदायको सामाजिक मानमर्दन गर्ने कार्यमा संलग्न व्यक्तिहरूको फेसबुक, टिकटक, इन्स्टाग्रामलगायतको सामाजिक सञ्जाल खाताको सूक्ष्म निगरानी भइरहेको छ,' उनले भने, 'यस्ता गतिविधिलाई गम्भीरतापूर्वक लिई सचेत र सजग हुन पनि अनुरोध गरिन्छ ।'

टिकटकमा एकअर्काको धर्मसंस्कृतिलाई लक्षित गरी अभद्र टिप्पणी गरेको विषयलाई लिएर मधेश प्रदेशमा तनाव बढेको छ । धनुषा घटनाको असर पर्साको वीरगञ्जसम्म देखिएको छ । केही दिन अगाडि जनकपुरमा हैदर अन्सारी र अमानत अन्सारी नामका युवाहरुले टिकटकमा हिन्दुस्तानको नाम लिँदै एक भिडियो पोष्ट गरेका थिए । धार्मिक सहिष्णुतामा खलल पुग्ने खालको भिडियो बनाइएको भन्दै ती दुई युवालाई स्थानीय अगुवाहरूले प्रहरीको जिम्मा लगाएका थिए ।

इलाका प्रहरी कार्यालय खजुरीमा दुवै पक्षबीच छलफल भइरहेको बेला पक्राउ गरिएको भन्दै केही युवाहरू आक्रोशमा आए । त्यही बेला मस्जिदमा आक्रमण समेत भएको थियो । आक्रमणमा संलग्न व्यक्तिलाई पनि पक्राउ गरिएको धनुषाका प्रहरी प्रवक्ता डीएसपी गणेश बम बताउँछन् ।

**प्रचण्ड...**

कुमारी बराल (गौतम) ले बताइन् । 'हाम्रो अनुरोध रुकुमबाट चुनाव लड्नुस् भन्ने हो, त्यो कुरामा उहाँ पनि सकारात्मक हुनुहुन्छ,' बरालले अनलाइनखबरसँग भनिन् ।

रुकुम पूर्वबाट काठमाडौं आएका जिल्ला इन्चार्ज तेजबहादुर ओली (प्रतीक), संयोजक बराल, पूर्ण घर्ती, दलजित शेर्पाली, होमप्रकाश श्रेष्ठ (हिमाल) लगायत नेताहरूसँग प्रचण्डले छलफल गरेका थिए । छलफलमा रुकुम पूर्वकै नेताहरू पार्टी केन्द्रीय कार्यालयका सचिव गणेशमान पुन, पार्टी केन्द्रीय सदस्य सुवोधराज शेर्पाली, सरल सहयात्री, केशव रावल लगायतका नेताहरू पनि सहभागी थिए ।

एकमात्र निर्वाचन क्षेत्र रहेको रुकुम पूर्वले प्रत्यक्षतर्फ नौ जना आकांक्षीको नाम सिफारिस गरेको छ । प्रतिनिधिसभा सदस्यमा प्रत्यक्षतर्फ तेजबहादुर ओली, गणेशमान पुन, दलजित शेर्पाली, जितमान पुन, सुवोधराज शेर्पाली, लालबहादुर विष्ट, कैलाश मल्ल, चन्द्र रसाइली र सिर्जना कार्कीको नाम केन्द्रीय कार्यालयमा सिफारिस गरेको थियो ।

समानुपातिकतर्फ सुनिता बुढा (महिला), दिपेन्द्र छन्त्याल (अल्पसंख्यक), टिकाराम उपाध्याय (अन्य), हर्कबहादुर कामी (दलित) र उपेन्द्रलाल कामी (दलित)बाट सिफारिस भएका छन् ।

तत्कालीन माओवादीले २०५२ सालमा 'जनयुद्ध' सुरु गरेको रुकुम पूर्वलाई आधार इलाका भनेर पनि ठान्ने गर्दछ । अहिलेसम्म पनि माओवादीको पकड बलियो मानिने भएकाले रुकुम पूर्व प्रचण्डलाई सुरक्षित हुने ठानिएको छ ।

'जनयुद्धका सुप्रिमो प्रचण्डलाई रुकुम पूर्व जस्तो सुरक्षित अर्को देखेका छैनौं,' छलफलमा सहभागी एक नेताले भने ।

छलफलमा सहभागी अर्का एक नेताले पनि रुकुम पूर्वबाट चुनाव लड्न प्रचण्ड 'नब्बे प्रतिशत सकारात्मक' भएको बताए ।

'करिब नब्बे प्रतिशत कुरा मिलिसकेको छ । जिल्लाका अहिलेका नेताहरुले आफ्नो व्यवस्थापनको ग्यारेन्टी पनि खोजेका छन्, त्यो कुरा मिलेपछि प्रचण्ड रुकुमबाट चुनाव लड्ने निश्चित हुन्छ ।'

प्रचण्डले अझै समय बाँकी रहेकाले छलफललाई निरन्तरता दिने बताएका छन् । यस विषयमा प्रचण्ड दिल्लीबाट फर्किएपछि छलफल गर्ने तयारी छ । पार्टीको एकता सन्देश सभालाई सम्बोधन गर्न भन्दै आइतबार दिल्ली गएका प्रचण्ड सोमबार साँझ फर्किने पूर्वनिर्धारित कार्यक्रम छ ।

नेता गणेशमान पुन भने प्रचण्ड प्रतिस्पर्धा गर्ने निर्वाचन क्षेत्रबारे छलफल जारी रहेको बताउँछन् । रुकुम पूर्वको विषयमा पनि छलफल भएको तर टुंगो नलागेको उनी बताउँछन् । 'सोलुदेखि कालिकोटसम्मका साथीहरूले हाम्रो क्षेत्रबाट चुनाव लडिदिनुपऱ्यो भनेर उहाँलाई अनुरोध आएको छ । विभिन्न निर्वाचन क्षेत्रमा एकल सिफारिस पनि भएको छ,' पुनले भने, 'त्यसबारे छलफल भइरहेको छ, टुंगो लागेको छैन ।'

**बालेन शाह...**

रास्वपाको महामन्त्री कविन्द्र बुर्लाकोटी छन् । एक महिला सहित सहमहामन्त्री तीन जना हुने विधानको व्यवस्था छ । सहमहामन्त्री एक जना थप्ने निर्णय गरिएको छ । एक महिला सहित तीन जना हुने सहमहामन्त्रीमा सुमना श्रेष्ठले पदबाट राजीनामा दिएपछि वीपीनकुमार आचार्य मात्रै सहमहामन्त्री छन् । सहप्रवक्ता पनि एक जना थप्ने निर्णय गरिएको छ । फरक लिङ्गसहित सहप्रवक्ता हुने व्यवस्था अनुसार हाल प्रतिभा रावल र रमेश प्रसाईं उक्त जिम्मेवारीमा छन् । रास्वपाको विधान अनुसार २५ जना पदाधिकारी हुने व्यवस्था छ ।

**एआई सम्बन्धि तालिम...**

प्रयोगले समाचार संकलन, सम्पादन तथा प्रसारणलाई अझ प्रभावकारी बनाउन सक्ने बताउनुभयो ।

कार्यक्रममा विशिष्ट अतिथिका रूपमा उपस्थित सञ्चार रजिष्टार रेवती सापकोटाले पत्रकारितामा एआईको प्रयोगले अवसरसँगै चुनौती पनि ल्याएको बताउनुभयो । उहाँले एआई प्रयोग गर्दा तथ्य जाँच, आचारसंहिता र पत्रकारिताको मौलिक मूल्यलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिनुभयो ।

तालिममा एआईको आधारभूत अवधारणा, समाचार लेखनमा एआईको प्रयोग, तथ्य जाँच, तस्बिर तथा भिडियो सामग्री निर्माण, डिजिटल सुरक्षा र पत्रकारितामा एआई प्रयोग गर्दा अपनाउनुपर्ने नैतिक मापदण्डबारे प्रशिक्षकहरु अजय शर्मा र शिव पुरीले सहजीकरण गर्नुभएको थियो ।

तालिमले आधुनिक प्रविधि बुझ्न र व्यवहारिक रूपमा प्रयोग गर्न सहयोग पुगेको प्रतिक्रिया दिएका छन् । पत्रकार महासंघ रामेछापका अध्यक्ष दिपक कुमार घिमिरेले यस्ता तालिमले स्थानीय पत्रकारितालाई समयानुकूल, प्रभावकारी र विश्वासिलो बनाउन टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

# ‘बिगुल’को ट्रेलरमा युवाको आक्रोश र क्रान्तिको कथा



काठमाडौं- देशको समसामयिक राजनीतिक र सामाजिक विषयमा केन्द्रित रहेर निर्माण भएको फिल्म ‘बिगुल’को ट्रेलर सार्वजनिक गरिएको छ । तीन मिनेट लामो ट्रेलरमा विकृत राजनीतिले जनतामा छाएको चरम निराशा, युवापुस्ताको आक्रोश, पारिवारिक उल्झन, दुई पुस्ताबीचको वैचारिक मतभेद, सामाजिक न्याय जस्ता विषयलाई प्राथमिकताका साथ देखाइएको छ ।

ट्रेलरमा अभिनेत्री बेनिशा हमालको एउटा संवाद छ, ‘क्रान्ति जहाँबाट पनि सुरु हुन्छ । जबसम्म हामी जनताको पीडा सुन्दैनौं, क्रान्ति गर्न सक्दैनौं ।’ यो संवादले देशमा परिवर्तनका लागि जनताले गर्ने विद्रोहलाई फिल्मले मुख्य कथावस्तु बनाएको प्रष्ट संकेत गर्छ । देश निर्वाचनको संघारमा रहँदा सार्वजनिक भएको ट्रेलरले दर्शकमा सही नेतृत्व चयन गर्न प्रेरित गर्ने अपेक्षा गरिएको छ ।

रमेश कोइरालाको निर्देशनमा बनेको यस फिल्ममा बेनिशासहित रमेश बुढाथोकी, नरेन खड्का, नीर शाह, सरोज खनाल, हेमन्त बुढाथोकी, शिशिर वाङ्देल, विनोद न्यौपाने, गीता अधिकारी लगायतको अभिनय देख्न सकिनेछ । दिनेश कोइरालाको कथा तथा निर्माण रहेको फिल्ममा कल्पना पौडेल प्रस्तुतकर्ता तथा सूर्य कान्त कोइराला र महेश कोइराला सह-निर्मातामा छन् ।

फिल्ममा प्रदीप भारद्वाज र मौनता श्रेष्ठको पटकथा तथा संवाद, शिव ढकालको छायांकन, कमल राई र कविराज गहतराजको नृत्य, एनबी महर्जनको द्वन्द्व निर्देशन, विश्वप्रकाश शर्मा (कांग्रेसका महामन्त्री), अर्जुन पोखरेल र मनोज चौलागाईंको संगीत तथा तारा थापा (किम्भे)को सम्पादन रहेको छ । यो फिल्म आगामी माघ ९ गतेबाट प्रदर्शन हुँदैछ ।

# विजयको अन्तिम फिल्म ‘जन नेता’को ट्रेलरमा के छ ?



काठमाडौं- तमिल सुपरस्टार थलापति विजय करिब एक वर्षपछि नयाँ फिल्म ‘जन नेता’मा देखिँदैछन् । यही जनवरी ९ मा रिलिज हुन लागेको यो फिल्म उनका प्रशंसकका लागि यसकारण पनि खास छ कि यो विजयको अन्तिम फिल्म हो । अब उनी अभिनय करिअर छाडेर पूर्णकालीन राजनीतिमा होमिँदैछन् । त्यसका लागि उनले आफ्नो नेतृत्वमा पार्टी समेत गठन गरिसकेका छन् ।

यसैबीच, शनिबार फिल्मको हिन्दीसहित तीन भाषामा ट्रेलर सार्वजनिक गरिएको छ । एक्सन दृश्यले भरिएको ट्रेलरमा विजयसहित बबी देओल, प्रकाश राज, पूजा हेगडे लगायतका सबै प्रमुख कलाकारलाई स्थान दिइएको छ । बबी भिलेनको भूमिकामा देखिएका छन् । फिल्ममा विजयसँग उनको घमासान लडाइँ हुने संकेत ट्रेलरले दिन्छ ।

ट्रेलरमा विजयलाई प्रहरीको भूमिकामा देख्न सकिन्छ । उनकी छोरीमाथि आपराधिक समूहले दुर्व्यवहार गरेपछि कथाले महत्त्वपूर्ण मोड लिएको देखिन्छ । भारतलाई ध्वस्त पार्न खोज्ने पात्रविरुद्ध उनले गरेको लडाइँलाई पनि सशक्त ढंगले देखाइएको छ । ट्रेलरमा एक्सन र भावनात्मक पक्षको सन्तुलित संयोजनले दर्शकमाझ फिल्मप्रति उत्सुकता थपेको छ ।

एच. विनोथको लेखन तथा निर्देशनमा तयार भएको यो फिल्म तमिल भाषामा ‘जन नायकन’ शीर्षकमा रिलिज हुँदैछ । विजयको अन्तिम फिल्म भएकाले यसले भारतमा कीर्तिमानी ओपनिङ गर्ने प्रक्षेपण गरिएको छ । तेलुगु भाषामा समेत बनेको यो फिल्ममा विजयले पारिश्रमिक मात्र २७५ करोड लिएका छन्, जुन यसअघि भारतमा कुनै कलाकारले पाएका छैनन् ।

# ‘आ बाट आमा’का लागि यमनले गाए नेवारी गीत




काठमाडौं- आमा-छोराको भावनात्मक सम्बन्धको कथामा आधारित फिल्म ‘आ बाट आमा’मा नेवारी गीत पनि समावेश गरिने भएको छ । दुई साताअघि युट्युबमा सार्वजनिक भएको फिल्मको शीर्ष गीत ‘सृष्टिकै पहिलो नाम’लाई निर्माण पक्षले नेवारी भाषामा रेकर्ड गराएको छ । गीतमा गायक तथा कलाकार यमन श्रेष्ठले स्वर दिएका छन् । उनी चर्चित हास्य कलाकार मदनकृष्ण श्रेष्ठका छोरा हुन् ।

बाबुल गिरीको शब्द रचना रहेको गीतलाई नेवारीमा गाउन पाउँदा एकदमै खुशी लागेको यमनले बताए । गीतको शब्दलाई नेवारी भाषामा अनुवाद गर्न बुबाले सघाएको बताउँदै उनले भने, ‘गीतको नेवारी शब्द पनि आफैंले मिलाउनुपर्ने भएपछि मैले बुबालाई अनुवाद गर्न आग्रह गरेको थिएँ । गीतलाई बुबाले नेवारी भाषामा बनाइदिनुभएको हो ।’

नेपाली भाषामा यो गीतलाई ‘नेपाल आइडल-२’का विजेता रवि ओडले गाएका छन् । गीतले सन्तानप्रति आमाको माया, समर्पण र लगावलाई मर्मस्पर्शी रुपमा प्रस्तुत गरेको छ । निर्माण पक्षले यो गीतमा गायन र अभिनयसम्बन्धी प्रतियोगिताको समेत घोषणा गरेको छ । उक्त गीतमा कभर गाउने र अभिनय गर्नेले ५० हजार नगद पुरस्कार पाउने जनाइएको छ ।

आगामी माघ १६ गतेबाट प्रदर्शन हुन लागेको यस फिल्ममा विपना थापा, प्रदीप रावत (गजनी भिलेन), पल शाह, विशाल पहाडी, रवीन्द्र झा, गजित बिष्ट, हेमराज अधिकारी, दीलिप उखेडा, रचना गौतम लगायतको अभिनय रहेको छ । चन्द्र पन्तको निर्देशनमा बनेको फिल्ममा ओमकार पन्त, कृष्णप्रसाद सुवेदी, ध्रॅव न्यौपाने, प्रकाश कुँवर र क्षितिज ढुङ्गाना निर्मातामा छन् ।

# ‘झरीपछिको इन्द्रेणी’ हेर्दा ‘बासुदेव’ सम्झिए : विनोद चौधरी



काठमाडौं- उद्योगपति, फिल्म निर्माता तथा निवर्तमान सांसद विनोद चौधरीले फिल्म ‘झरीपछिको इन्द्रेणी’को कथावस्तुदेखि कलाकारहरूको अभिनयको प्रशंसा गरेका छन् । बुधबार श्रीमती सारिकाको साथमा काठमाडौंको बिग मुभिज पुगेर फिल्म हेरेका उनले यसको कथावस्तुले आफूलाई आफ्नै फिल्म ‘बासुदेव’को याद दिलाएको बताए ।

‘यो फिल्म हेर्दा मलाई आफैंले बनाएको ‘बासुदेव’ सम्झना आयो । त्यसले दिएका सन्देशहरु सम्झिएँ,’ उनले सञ्चारकर्मीसँग भने, ‘पछिल्लो समय विदेश जाने प्रवृत्ति, विदेशमै सबैकुरा हुन्छ भन्ने मानसिकता र परिवारभित्रको कथालाई निर्देशकले राम्रोसँग प्रस्तुत गर्नभएको छ । कलाकारहरूको अभिनय उस्तै बुलन्द छ । एकपटक सबै नेपालीले हेर्नपर्ने फिल्म हो यो ।’

एउटा इमान्दार कर्मचारीको कथा र भ्रष्टचारीको अन्त्य कसरी हुन्छ भन्ने कुरालाई फिल्ममा सशक्त ढंगले देखाएकोमा निर्देशकको प्रशंसा गर्दै उनले फिल्ममा प्रस्तुत गरिएको जेनजी नै सही हो भन्ने सन्देश अझ व्यापक बनाउनुपर्नेमा जोड दिए । जेनजीको मुभमेन्टलाई विथोल्नेहरू धेरै जन्मिएको जिकिर गर्दै उनले त्यसबाट आफू समेत पीडित रहेको बताए ।

उनले फिल्म निर्माणमा आफू फेरि फर्किने समेत संकेत गरेका छन् । यसबारे उनी भन्छन्, ‘म कलाप्रेमी हुँ । कलाप्रतिको लगावले गर्दा नै म त्यसबेला फिल्म ‘बासुदेव’सँग जोडिन पुगेको थिएँ । त्यसले अझै छाडेको छैन र भविष्यमा पनि छाड्ने छैन । म त झन् कर्पोरेट र नेपाली फिल्म उद्योग मिलेर अगाडि बढ्नुपर्छ भन्ने मान्यता राख्ने मान्छे हुँ ।’

विनोदसँगै राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने, काठमाडौंका मेयर बालेन शाह, युवा तथा खेलकुद मन्त्री बब्बु गुप्ता, गायक तथा अभिनेता प्रकाश सपूत, रास्वपा नेतृ तोसिमा कार्की लगायतले पनि ‘झरीपछिको इन्द्रेणी’ हेरिसकेका छन् । उनीहरूले पनि फिल्मको कथावस्तुको प्रशंसा गर्दै यसलाई समाजमा सकारात्मक सन्देश प्रवाह गर्ने फिल्मको संज्ञा दिएका छन् ।

# प्रवीणले सकाए ‘बब डाइ’को छायांकन, मुख्य भूमिकामा सौगात




काठमाडौं- ‘मोक्ष’ निर्देशक प्रवीण श्रेष्ठले १२ वर्षपछि निर्देशनमा कमब्याक गरेको फिल्म ‘बब डाइ’को छायांकन सकिएको छ । बिहीबार कीर्तिपुरमा अन्तिम दृश्य खिच्दै ४२ दिनमा फिल्मको छायांकन पूरा भएको हो । कीर्तिपुरभन्दा अगाडि चन्द्रागिरी क्षेत्रमा फिल्मको छायांकन गरिएको थियो । स्क्रिप्टका दृश्यको सम्पूर्ण छायांकन सकिए पनि दुई गीत भने खिच्न बाँकी राखिएको छ ।

रोटेपिङ्ग इन्टरटेन्मेन्टको प्रस्तुति र श्रीराम बालाजी फिल्म्सको सहकार्यमा निर्माण भएको फिल्ममा सौगात मल्ल, सिम्रन पन्त, सन्तोष पन्त, विशाल पहाडी, प्रमोद अग्रहरी, कामेश्वर चौरासिया, यमन श्रेष्ठ, कृष्णभक्त महर्जन लगायतको अभिनय रहेको छ । फिल्ममा सौगातले बब डाइको भूमिका निभाएका छन् । नेवारी भाषामा दाइलाई डाइ भनिन्छ ।

राजेश घिमिरे, रोशन भट्टराई र सुनिल मानन्धर निर्माता रहेको फिल्ममा मैनिषा गौचन र प्रवीन श्रेष्ठको लेखन छ भने श्याम तामाङ छायाँकारमा छन् । फिल्मको सम्पादन निर्देशक श्रेष्ठ आफैंले गर्नेछन् । यसमा कोरियोग्राफीको रुपमा किरण थापा र सृष्टि महर्जन रहेका छन् भने शंकर महर्जनको द्वन्द्व निर्देशन छ । फिल्मले कीर्तिपुरको मौलिक कथा भन्ने जनाइएको छ ।

# आसिफले प्रत्यक्ष चुनाव लड्ने, समानुपातिकबाट फिर्ता लिए नाम



काठमाडौं- आगामी २१ फागुमा हुन लागेको प्रतिनिधिसभा निर्वाचनका लागि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट समानुपातिक उम्मेदवार बनेका अभिनेता तथा उद्घोषक आसिफ शाहले आफ्नो उम्मेदवारी फिर्ता लिने घोषणा गरेका छन् । समानुपातिक उम्मेदवारको सूचीलाई लिएर पार्टीभित्र विवाद भएपछि उनले शनिबार फेसबुकमा एक पोस्ट लेख्दै उक्त घोषणा गरेका हुन् ।

उनले लेखेका छन्, ‘जनताको चाहना अनुरूप बालेन-रवि-कुलमानको मिलन सम्भव होस् भनेर गरिएका प्रयासहरूलाई नजिकबाट मूल्याङ्कन गर्ने साथीहरू यसका साक्षी छन् । त्यही मिहिनेत देखेर साथीहरूले मलाई ‘सांसद बन्नुपर्छ’ भन्दै सूचीमा नाम समावेश गर्नभयो ।’ उनले नियत सही हुँदाहुँदै पनि गल्ती भएको अनुभूति भएपछि नाम फिर्ता लिने निर्णय गरेको उल्लेख गरेका छन् ।

उनले आसन्न निर्वाचनमा प्रत्यक्षतर्फ काठमाडौं-५ बाट चुनाव लड्ने समेत घोषणा गरेका छन् । आसिफ अगाडि लेख्छन्, ‘प्रत्यक्ष निर्वाचनमा उठ्ने निर्णय स्पष्ट छ- प्रत्यक्ष निर्वाचनमा उठ्नुपर्छ, उठ्ने नै हो । हामी काठमाडौं-५ बाट प्रत्यक्ष उम्मेदवारी दिन पूर्ण रूपमा तयार छौं । देशभन्दा ठूलो केही हुँदैन ।’ उनी फिल्म निर्देशक तथा रास्वपाका नेता असिम शाहका भाइ हुन् ।

रास्वपाले निर्वाचन आयोगमा समानुपातिक उम्मेदवारको सूची बुझाउँदा ६ जना कलाकारको नाम समावेश गरेको थियो । त्यसमा आसिफ पनि परेका थिए । उनलाई मुस्लिम क्लस्टरतर्फ पहिलो नम्बरमा राखिएको थियो । तर, दाइका कारण उनी उम्मेदवार बनेको भन्दै पार्टीभित्रै आलोचना भएपछि उनले उम्मेदवारी फिर्ता लिने घोषणा गरेका हुन् ।

# अशोक र एआरलाई लिएर ‘बा-आमा’ बनाउँदै टंक

काठमाडौं- फिल्म ‘मन बिनाको धन’ले घरेलु बक्स अफिसमा सुखद् व्यापार गरेपछि यसका निर्देशक टंक बुढाथोकी अर्को फिल्मको तयारीमा जुटेका छन् । उनले शुक्रबार शीर्षकसहित नयाँ फिल्मको निर्माण घोषणा गरे । उनले आफ्नै चर्चित गीत ‘बा-आमा’ नाममा फिल्म बनाउन लागेका हुन् । टंकसहित अशोक दर्जी, एआर बुढाथोकी र विक्रम थापाले उक्त गीत गाएका थिए ।

फिल्मको निर्देशन टंक स्वंयले गर्नेछन् भने मुख्य भूमिकामा अशोक र एआर देखिने जनाइएको छ । उनीहरूले ‘मन बिनाको धन’मा पनि मुख्य भूमिका निभाएका थिए । फिल्ममा अन्य कलाकारको छनोट प्रक्रिया भने बाँकी रहेको निर्देशक बुढाथोकीले जानकारी दिए । उनका अनुसार फिल्मको शीर्षक चलचित्र विकास बोर्डमा दर्ता भइसकेको छ ।

टंक स्वयंको कथामा बन्न लागेको फिल्मको पटकथा तथा संवाद शिवम् अधिकारीले लेखिरहेका छन् । टंकका अनुसार स्क्रिप्ट लेखन अन्तिम चरणमा पुगेको छ । फिल्मको कथा ‘बा-आमा’ गीतबाट प्रेरित हुने स्पष्ट पार्दै उनले भने, ‘स्क्रिप्ट लेखनको काम सकिएपछि मात्र कलाकार छनोटको प्रक्रिया सुरु गर्नेछौँ । आगामी बैशाखदेखि छायांकन सुरु गर्ने योजना छ ।’

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- २३,
२०८२ साल पुस २२ गते मंगलबार
6 JANUARY 2026, TUESDAY

# बीवाइडी गाडी बिक्रीमा पहिलो




काठमाडौं- चिनियाँ इलेक्ट्रिक सवारी निर्माता कम्पनी बीवाइडी अमेरिकी कम्पनी टेस्लालाई उछिन्दै विश्वकै सबैभन्दा ठूलो विद्युतीय कार बिक्रेता बनेको छ । सन् २०२५ को वार्षिक तथ्यांकअनुसार बीवाइडीले करिब २२ लाख ६० हजार ब्याट्री-इलेक्ट्रिक गाडी बिक्री गरेको छ भने टेस्लाको डेलिभरी करिब १६ लाख ३०-६० हजारको हाराहारीमा सीमित भएको छ ।

यससँगै लामो समयदेखि विश्व इभी बजारमा अग्रणी रहँदै आएको टेस्लाको प्रभुत्वमा ठोस चुनौती देखिएको छ र विश्व अटो उद्योगको शक्ति सन्तुलन चीनतर्फ सर्दै गएको संकेत पनि मिलेको छ ।

बीवाइडीको यो उछाल आकस्मिक होइन । पछिल्ला केही वर्षदेखि कम्पनीले चिनियाँ घरेलु बजारमा आक्रामक विस्तार गरिरहेको थियो । चीन विश्वकै सबैभन्दा ठूलो विद्युतीय सवारी बजार हो, जहाँ सरकारी नीतिगत समर्थन, चार्जिङ पूर्वाधारको तीव्र विस्तार र उपभोक्ताको बढ्दो रुचिले इभी बिक्रीलाई तीव्र बनाएको छ । बीवाइडीले कम मूल्यदेखि मध्यम र उच्च मूल्यसम्मका मोडेल बजारमा ल्याउँदै व्यापक उपभोक्ता वर्गलाई समेट्न सफल भएको छ । यसको प्रत्यक्ष फाइदा बिक्री संख्यामा देखिएको हो ।

टेस्लाको तुलनामा बीवाइडीको अर्को ठूलो फाइदा भनेको लागत संरचना हो । ब्याट्रीदेखि सेमिकन्डक्टरसम्म धेरै कम्पोनेन्ट आफ्नै नियन्त्रणमा राख्ने रणनीतिले बीवाइडीलाई सस्तो मूल्यमा गाडी उपलब्ध गराउन सहयोग गरेको विश्लेषकहरू बताउँछन् । यही कारण युरोप, दक्षिण-पूर्वी एसिया र ल्याटिन अमेरिकामा पनि बीवाइडीका इभीहरू तीव्र गतिमा फैलिन थालेका छन् । सन् २०२५ मा मात्रै बीवाइडीले १० लाखभन्दा बढी गाडी विदेश निर्यात गरेको बताइएको छ, जुन अघिल्लो वर्षको तुलनामा करिब डेढ गुणा बढी हो ।

अर्कोतर्फ टेस्ला पछिल्ला दुई वर्षदेखि विभिन्न दबाबमा परेको देखिन्छ । अमेरिकी बजारमा ईभी अनुदान र कर छुटका नीतिहरू क्रमशः खुम्चिँदै जानु, युरोपमा कडा नियामक चुनौती र चिनियाँ प्रतिस्पर्धीहरूको सस्तो गाडीले टेस्लाको बिक्रीमा असर पारेको छ । सन् २०२५ मा टेस्लाको वार्षिक डेलिभरी लगातार दोस्रो वर्ष घटेको तथ्यांकले पनि यही संकेत गर्छ ।

यसका अतिरिक्त टेस्लाका प्रमुख कार्यकारी अधिकृत एलन मस्कको राजनीतिक सक्रियता र विवादास्पद अभिव्यक्तिले पनि ब्रान्ड छविमा नकारात्मक प्रभाव पारेको विश्लेषण गरिन्छ । केही पश्चिमी बजारमा उपभोक्ताको विश्वास कमजोर हुनु, साइबरट्रकजस्ता मोडेलमा प्राविधिक समस्या र रिकलका घटनाले पनि टेस्लाको बिक्री वृद्धिलाई सुस्त बनाएको छ ।

यद्यपि बिक्री संख्यामा पछि परे पनि टेस्ला अझै विश्वकै सबैभन्दा मूल्यवान् अटो निर्माता नै छ । कम्पनीको बजार पूँजीकरण करिब १.३-१.४ ट्रिलियन अमेरिकी डलर आसपास रहेको छ । लगानीकर्ताहरू टेस्लालाई केवल कार निर्माता होइन, भविष्यको कृत्रिम बुद्धिमत्ता, रोबोटिक्स र स्वचालित ड्राइभिङ प्रविधिको अग्रणी कम्पनीका रूपमा हेर्ने गर्छन् । यही अपेक्षाका कारण बिक्री घट्दा पनि टेस्लाको दीर्घकालीन मूल्यांकन उच्च रहँदै आएको छ ।

बीवाइडीको उदयले विश्व ईभी बजारमा नयाँ प्रतिस्पर्धी चरण सुरु भएको संकेत गर्छ । यसले परम्परागत पश्चिमी अटो निर्माता मात्र होइन, टेस्लाजस्ता प्रविधि-केन्द्रित कम्पनीलाई पनि रणनीति पुनर्विचार गर्न बाध्य बनाउने देखिन्छ । सस्तो मूल्य, ठूलो उत्पादन क्षमता र सरकारी समर्थनको संयोजनले चिनियाँ कम्पनीहरूलाई विश्व बजारमा बलियो बनाइरहेको छ ।

विश्लेषकहरूका अनुसार आगामी वर्षहरूमा प्रतिस्पर्धा अझ तीव्र हुनेछ । चीनभित्रै पनि बीवाइडीलाई जिली, एसएआईसी, लिपमोटरजस्ता स्थानीय प्रतिस्पर्धीबाट दबाब बढ्दै गएको छ । अन्तर्राष्ट्रिय बजारमा भने व्यापारिक अवरोध, आयात कर र भूराजनीतिक तनाव चुनौतीका रूपमा उभिन सक्छन् । त्यसका बाबजुद बीवाइडीले २०२६ सम्म ५०-६५ लाख सवारी बिक्री गर्ने लक्ष्य लिएको अनुमान विभिन्न वित्तीय संस्थाहरूले गरेका छन् ।

समग्रमा हेर्दा, बीवाइडीले टेस्लालाई उछिनेर विश्वकै सबैभन्दा ठूलो इलेक्ट्रिक कार बिक्रेता बन्नु केवल कम्पनीगत उपलब्धि होइन, विश्व अटो उद्योगको संरचनात्मक परिवर्तनको संकेत हो । प्रविधि, लागत र बजार पहुँचमा चीनले बनाएको अग्रताले आगामी दशकमा इभी बजारको नेतृत्व कसको हातमा जाने हो भन्ने बहसलाई थप तीव्र बनाएको छ ।

# नयाँ गाडी किन्नेलाई महागो पर्ने निश्चित




काठमाडौं । नेपालका अधिकांश प्यासेन्जर भेहिकल बिक्रेताले गाडीको मूल्य बढाउने भएका छन् । उत्पादकले कच्चा पदार्थ, डलरको भाउ वृद्धि लगायत कारण देखाउँदै मूल्य बढाएकाले नेपाली बिक्रेता दबाबमा परेका हुन् ।

विश्व बजारमा कार निर्माणमा प्रयोग हुने प्रमुख वस्तु स्टील, तामा, आल्मुनियम र महत्त्वपूर्ण बहुमूल्य धातुहरुको मूल्य बढेको छ । यी धातु कारको बडी बनाउन तथा आधुनिक इन्जिन र जटिल इलेक्ट्रोनिक प्रणालीका लागि आवश्यक मानिन्छन् ।

डोङफेङ नामीको आधिकारिक बिक्रेता मोरङ अटो वर्क्स(एमएडब्लू) वृद्धि अटोकर्पका प्रमुख कार्यकारी अधिकृत(सीइओ) प्रसन्न पन्त डलरको भाउ वृद्धिले गाडीको मूल्य बढाउनुपर्ने बाध्यात्मक अवस्था आएको बताए ।

'यसअघि अन्तर्राष्ट्रिय बजारमै मूल्य बढ्दा पनि मार्जिन कम राखेर गाडी बेचेका थियौं । तर, अब नसक्ने अवस्था आएकाले मूल्य बढाउनुपर्ने अवस्था आएको हो,' पन्तले भने ।

व्यवसायीहरुले विभिन्न ब्राण्डका गाडीहरुमा ५० हजारदेखि ३ लाख रुपैयाँसम्म मूल्य बढाउने तयारी गरिरहेका छन् । व्यवसायीहरुका अनुसार यही जनवरीदेखि विभिन्न मोडेलका गाडीको मूल्य २ देखि ३ प्रतिशतसम्म बढ्न सक्छ । उदाहरणका लागि, अहिले ४० लाख रुपैयाँ मूल्य पर्ने कारका लागि अब १ लाखदेखि १ लाख २० हजार रुपैयाँसम्म थप तिर्नँपर्ने हुन सक्छ ।

केही प्रिमियम ब्रान्डको मूल्य भने त्यो भन्दा पनि धेरै बढ्न सक्ने व्यवसायीहरु बताउँछन् ।

ओमोडा एण्ड जेको गाडी बिक्रेता शारडा ग्रुप अन्तर्गतको एसपीजी अटोमोबाइल्सका निर्देशक गौरव शारडा डलरकै कारण मूल्य बढाउनुपर्ने अवस्था आएको बताए ।

'हामीले बाध्यताका कारण मूल्य बढाउन लागेका हौं । डलरको रेट गत जुलाईमा १ डलर बराबर १३६.५० रुपैयाँ थियो । अहिले १ डलर बराबर १४४.२५ रुपैयाँ पुगेको छ । यसले गर्दा डलरको मूल्य नै लगभग ७ प्रतिशतले बढेको अवस्था छ,' उनले भने, 'जसले गर्दा हामीले अहिले दिइरहेको मूल्यमा नयाँ गाडी दिन नसक्ने अवस्था आयो ।'

नेपालमा केही ब्रान्डले भने आफ्नो स्टक धेरै भएका कारण पुरानै मूल्य राखेर अफर ल्याउने तयारी गरिरहेका छन् ।

बीवाइडी गाडी बिक्री गर्ने साइमेक्स इंकले भने अहिले तत्कालै मूल्य नबढाउने जानकारी दिएको छ । साइमेक्स इंकका नेसनल सेल्स एण्ड बिजनेस डेभलपमेन्ट आशुतोष गौतमले मूल्यभन्दा डेलिभरीलाई प्राथमिकतामा राखेको जानकारी दिए ।

'अहिले आन्तरिक रुपमा मात्रै छलफल चलिरहेको छ । पुरानो डेलिभरी कसरी सक्ने भन्ने कुरामा मात्रै हाम्रो ध्यान केन्द्रित छ,' उनले भने । गौतमका अनुसार बुकिङ गरेका गाडी दिइसकेपछि मूल्य बढाउने विषयमा छलफल हुनेछ । भारतमा जनवरी १ देखि विभिन्न ब्रान्डले कारको मूल्य बढाइसकेका छन् । त्यहाँ पनि २ देखि ३ प्रतिशतसम्म मूल्य वृद्धि भएको छ ।

भारतका उत्पादक कम्पनीले मूल्य कति बढाएर पठाउँछन् भन्नेमा भर पर्ने टाटा गाडीको आधिकारिक बिक्रेता सिप्रदी ट्रेडिङका प्यासेन्जर भेहिकल बिजनेस युनिटका प्रमुख सावन्त जंग सिजापतिले बताए । 'भारतबाट के कति बढेर आउँछ भन्ने यकिन भएको छैन । अहिले हामी वेट एण्ड वाचको अवस्थामा छौं । उताबाट बढेर आए बढाउनै पर्छ । बढेर आए हामीले मात्रै थेग्न सक्दैनौं । मिड जनवरीतिर थाहा हुन्छ,' सिजापतिले भने ।

# पाँच दशकको लिगेसी बोकेको नाडाको नेतृत्वबाट हेभिवेट बाहिरिए



काठमाडौं- पाँच दशक लामो इतिहास बोकेको नाडा अटोमोबाइल एसोसिएसन अफ नेपालको नेतृत्व लिनबाट हेभिवेट व्यापारिक घराना पन्छिएको छ ।

पछिल्लो समय धेरै विवादमा परेकै कारण नेतृत्व लिन आकांक्षीले अन्तिम समयमा मनोनयन नै दर्ता गरेनन् । हेभिवेट पन्छिएपछि गाडी बिक्रेताबाट नाडाको नेतृत्व स्पेयर पार्ट्स र बाइकवालाकहाँ पुगेको छ ।

नाडाको अध्यक्षका दाबेदार सिप्रदी ट्रेडिङका प्रमुख कार्यकारी अधिकृत(सीइओ) राजनबाबु श्रेष्ठले उम्मेदवारी दिएनन् ।

स्रोतका अनुसार सहमति अनुसार अगाडि नाडालाई बढाउन कठिन हुने देखेपछि श्रेष्ठले उम्मेदवारी नदिएका हुन् । 'संस्थालाई मिलाएर लैजान नसकिए नेतृत्वमा जानुको अर्थ हुँदैन । त्यही भएर उम्मेदवारी नदिएको जस्तो लाग्छ,' श्रेष्ठ निकट एक व्यवसायीले बिजमाण्डूसँग भने ।

नाडाको अध्यक्षमा सुरेन्द्र कुमार उप्रेती निर्विरोध, अन्य पदाधिकारीमा पनि चुनाव नगराउन छलफल

सिप्रदी टाटा मोटर्सको अधिकृत बिक्रेता हो, जो कमर्सियल भेहिकल बिक्रीमा अग्रणी र प्यासेन्जर भेहिकलमा पनि बलियो उपस्थिति देखाउन सफल भएको छ । सिप्रदीबाटै केही वर्षअघि तत्कालीन सीइओ शम्भु दाहाल अध्यक्ष भएका थिए । त्यसअघि सिप्रदीबाटै सौर्य राणा अध्यक्ष थिए ।

श्रेष्ठसँगै नाडाको नेतृत्वका लागि आकाश गोल्छा समेत ईच्छुक थिए । तर, अन्तिममा गोल्छाले साधारण सभा नै बहिष्कार गरे । गोल्छा पक्षधर सबैले साधारण सभा बहिष्कार गरेपछि नाडा ठूलो संकटमा पुगेको छ । यसअघिको साधारण सभामा अध्यक्षका प्रत्यासी रहेका गोल्छालाई वरिष्ठ उपाध्यक्ष बनाएर स्वत: अध्यक्ष बनाउने सहमति भएको थियो ।

दुई वर्षअघिको सहमति अनुसार विधान संशोधनमा वर्तमान अध्यक्ष करण चौधरीले प्रक्रिया अघि नबढाएको भन्दै विवाद सुरु भएको थियो । विवादपछि चौधरी पक्षले नाडालाई महासंघमा रुपान्तरण गर्ने लगायत योजना अघि बढाएको छ । एक साताअघि भएको साधारण सभा नाडा विभाजनको बिजारोपणका कारण सबैभन्दा कमजोर बनेको थियो ।

असन्तुष्ट बनेका व्यवसायीहरुले यसअघि नै नयाँ संस्था नेपाल अटोमोबाइल्स इम्पोर्टर्स एण्ड म्यानुफ्याक्चर एसोसिएसन(नाइमा) खडा गरिसकेका छन् । जसमा नेपालको अटो बजारमा गाडी आयात र बिक्री गर्ने ठूला घरानाहरुको जमात छ । नाइमाले नाडालाई टक्कर दिंदै अटो शो गरिसकेको छ । नाइमाले अन्य गतिविधिमा पनि नाडालाई चुनौती दिंदै आएको छ ।

नाडाको अध्यक्षबाहेकका पदाधिकारीमा समेत हेभिवेट व्यापारी जान ईच्छुक देखिएनन् । १७ जना पदाधिकारी तथा केन्द्रीय सदस्यका लागि जम्मा १८ जनाले मात्रै उम्मेदवारी दर्ता गराएका छन् । जसका कारण सबैजसो निर्विरोध हुने भएका छन् ।

केन्द्रीय कार्यसमितिका सदस्यको निर्वाचन यही पुस २५ मा हुने तय भएको छ ।

# प्रहरीले किन्ने नयाँ गाडीको टेन्डरमा टाटा

काठमाडौं । सुरक्षा निकायले खरिद गर्ने नयाँ गाडीको टेन्डरमा टाटा, महिन्द्रा र रिडाराले बाजी मारेका छन् । जेनजी आन्दोलनसँगै जलेका र चुनावका लागि आवश्यक सवारी साधन किन्न सुरक्षा निकायले निकालेको टेण्डरमा तीनवटा ब्राण्डले बाजी मारेका हुन् ।

टेन्डरमा टाटाको १५० युनिट, महिन्द्राको ७५ युनिट र जिलीको रिडारा इलेक्ट्रिक पिकअप १० वटा छनोट भएका छन् । सशस्त्र प्रहरी बल र नेपाल प्रहरीले तीन कम्पनीलाई गाडी भित्र्याउने जिम्मा दिइसकेको छ ।

गत भदौ २३ र २४ गते भएको आन्दोलनले नेपाल प्रहरीका धेरै सवारीसाधनमा क्षति पुगेपछि नयाँ गाडी खरिद गर्नँपर्ने बाध्यतामा थियो । सुरक्षा निकायले नयाँ गाडी किन्न एक अर्ब रुपैयाँ खर्चिनेछन् । जनपथ र सशस्त्र प्रहरीलाई गाडी किन्न सरकारले पैसा निकासा गरिसकेको छ ।

एक अर्बमा २३५ वटा नयाँ गाडी आउनेछ । सरकारी खरीदले अटोमोबाइल बजारमा भाइब्रेन्ट गर्नेछ । सुरक्षा निकायले धेरै इन्धन गाडी किन्ने भएकाले महिन्द्रा र टाटाको कारोबार बढी हुनेछ । महिन्द्राको क्याम्पर र टाटा योद्धा सुरक्षा निकायले किन्नेछन् ।

सुरुमा जनपथ प्रहरीले निकालेको ८५ वटा गाडी खरिदको टेन्डरमा महिन्द्राले करिब ३० करोड रुपैयाँमा टेन्डर पाएको छ । कम्पनीले ७५ युनिट गाडी डेलिभरी दिने तयारी गरिसकेको छ । कम्पनीले क्याम्पर ४१ लाख रुपैयाँमा टेण्डर पारेको हो । महिन्द्राको आधिकारिक बिक्रेता अग्नि इन्कर्पोरेटका उपनिर्देशक बरदान बस्नेतले यसले बजारलाई केही हदसम्म चलायमान बनाउने बताउँछन् । 'सरकारी निकायले खरिद गर्ने सवारी साधनले १ अर्बको कारोबार हुन्छ । यसले पक्कै पनि बजारलाई सकारात्मक बनाउन सहयोग पुग्छ,' उनले भने ।

इलेक्ट्रिक पिकअप सेग्मेन्टमा भने जीलीको रिडारा पिकअपले प्रति युनिट ५५ लाख रुपैयाँ बराबरको ५ करोड ५ लाख रुपैयाँमा टेन्डर पाएको छ । रिडारा गाडीको आधिकरिक बिक्रेता सिजी मोटर्सले उक्त गाडीहरु अहिले सुरक्षा निकायको स्पेसिफिकेसन अनुसारको अतिरिक्त एक्सेसरिजहरु थप गर्नँपर्नेछ । जसमा साइरन, सिट हुट जस्ता कामहरु गरेर मात्रै गाडी डेलिभरी गर्नेछ ।

यसैगरी, प्रहरीको दोस्रो टेन्डरमा टाटाले १०० युनिट गाडीको टेन्डर पाएको हो ।

इन्फलुइन्जा (फ्लू) बाट सुरक्षित रहौं ।

इन्फ्लुएन्जा (फ्लू) बाट बच्न:

- नियमित रुपमा सावुन पानीले हात धुने गरौं।
- खोक्दा वा हाच्छ्यूँ गर्दा नाक, मुख रुमाल वा कुहिनोले छोपौं ।
- जाडोमा टाउको, हातखुट्टा छोपिने गरी न्यानो कपडा लगाऔं
- भिडभाड र बन्द ठाउँमा धेरै समय नबसौं ।
- फ्लूका लक्षण (ज्वरो, खोकी, घाँटी दुख्ने, थकान) देखिए सावधानी अपनाऔं ।
- सफा, ताजा र पोषिलो खाना खाऔं।
- बालबालिका, महिला, ज्येष्ठ नागरिक तथा अपाफ्ता भएका व्यक्ति, गर्भवती तथा दीर्घरोगीको विशेष संरक्षण गरौं ।

स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार